“समृद्ध कमल हाम्रो सरोकार”

कमल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा

## १२ औं गाउँसभाकोबाट पारित निर्णयहरु

मिति : २०७९ माघ २९ गते

आज मिति २०७९ साल माघ २९ गते आइतबारका दिन यस कमल गाउँपालिका का अध्यक्ष श्री हुकुम सिंह राईज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सभा सदस्य तथा अन्य महानुभावहरुको उपस्थितिमा यस गाउँपालिकाको गाउँसभाको बाह्रौ(१२औ) अधिवेशन सम्पन्न गरियो ।

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | हुकुम सिंह राइ | गाउँसभा अध्यक्ष | |
| २. | प्रमिला न्यौपाने | गाउँसभा सदस्य | |
| ३. | केदार कटुवाल | गाउँसभा सदस्य | |
| ४. | अशोक सुब्बा | गाउँसभा सदस्य | |
| ५. | अग्नी प्र. कोईराला | गाउँसभा सदस्य | |
| ६. | चन्द्र प्र.भट्टराई | गाउँसभा सदस्य | |
| ७. | लाल ब.विष्ट | गाउँसभा सदस्य | |
| ८. | नरेन्द्र भट्टराई | गाउँसभा सदस्य | |
| ९. | पृथ्वीपति राई | गाउँसभा सदस्य | |
| १०. | ज्ञान ब. नेपाली | गाउँसभा सदस्य | |
| ११. | सोभित नारायण राजवंशी | गाउँसभा सदस्य | |
| १२. | केशरा नेपाली वर्देवा | गाउँसभा सदस्य | |
| १३. | चन्द्रकला सुब्बा | गाउँसभा सदस्य | |
| १४. | गंगादेवी राई | गाउँसभा सदस्य | |
| १५. | मनमाया सिटौला | गाउँसभा सदस्य | |
| १६. | कमला वि.क. | गाउँसभा सदस्य | |
| १७. | चैतन्य प्र. चम्लागाई | गाउँसभा सदस्य | |
| १८. | बाल कुमारी प्रसाई | गाउँसभा सदस्य | |
| १९. | भोला दुलाल | गाउँसभा सदस्य | |

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| २०. | कल्पना राई | गाउँसभा सदस्य | |
| २१. | भीम ब.कार्की | गाउँसभा सदस्य | |
| २२. | महेन्द्र खत्री | गाउँसभा सदस्य | |
| २३. | सोमाया नेपाली दर्जी | गाउँसभा सदस्य | |
| २४. | एंगल गुरुङ्ग | गाउँसभा सदस्य | |
| २५. | भगवती राई | गाउँसभा सदस्य | |
| २६. | सन्त कु.मगर | गाउँसभा सदस्य | |
| २७. | गोमा वि. क. | गाउँसभा सदस्य | |
| २८. | चतुरभुज सुवेदी | गाउँसभा सदस्य | |
| २९. | जमुना खतिवडा | गाउँसभा सदस्य | |
| ३०. | नविन राई | गाउँसभा सदस्य | |
| ३१. | ओम कु.प्रधान | गाउँसभा सदस्य | |
| ३२. | चुरुङहाङ लावती | गाउँसभा सदस्य | |
| ३३. | भुमिका महरा | गाउँसभा सदस्य | |
| ३४. | ओम प्र.पराजुली | गाउँसभा सदस्य | |
| ३५. | टंक ब. खड्का | गाउँसभा सदस्य | |
| ३६. | रोजिना वि.क. | गाउँसभा सदस्य | |
| ३७. | टंक प्र.काफ्ले | गाउँसभा सदस्य | |
| ३८. | हरिभक्त चम्लागाई | गाउँसभा सदस्य | |
| ३९. | हिमा देवी नेपाली | गाउँसभा सदस्य | |
| ४०. | राज कुमार शाक्य | सदस्य सचिव | |

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| ४१. | सुवर्णा राई | लो. अं. | |
| ४२. | सागर यादव | इन्जिनियर | |
| ४३. | तुलसी ओझा | प्र. ले. | |
| ४४. | रोशन ढकाल | निजी सचिव. | |
| ४५. | पर्वत भण्डारी | स. अ. | |
| ४६. | सरोज खनाल | स. चा. | |
| ४७. | मुक्ति प्र. [illegible] | का. स. | |
| ४८. | सन्तोष गौतम | स. चा. | |
| ४९. | मदन निरौला | वाहन यन्त्र चा. | |
| ५०. | सुरज आङदेम्बे | का. स. | |
| ५१. | बिजय [illegible] | का. स. | B11A0 |
| ५२. | गंगा मायादनुवार लिम्बु | का. स. | |
| ५३. | दुर्गादेवी ढुङ्गेल | का. स. | रश्मिकाह |
| ५४. | तारा बजगाई | प्रशासन सहायक | |
| ५५. | मिलन कुमार लोहनी | [illegible] | |
| ५६. | | | |
| ५७. | | | |
| ५८. | | | |
| ५९. | | | |
| ६०. | | | |
| ६१. | | | |
| ६२. | | | |
| ६३. | | | |
| ६४. | | | |

**प्रस्ताव नं. १ : विधेयक सम्बन्धमा**

**निर्णय** : यस गाउँपालिकाको स्वास्थ्य, सरसफाई तथा विपद व्यवस्थापन विधेयक, २०७९ विधायन समितिमार्फत कार्यपालिकाको बैठकमा पेश भएकोमा उक्त विधेयक कार्यपालिकाको बैठकबाट पारित भई गाउँसभा अधिवेशनमा पेश भएकोमा यस कमल गाउँपालिकाको स्वास्थ्य, सरसफाई तथा विपद व्यवस्थापन विधेयक २०७९ पारित गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. २ : उपभोक्ता समितिबाट संचालन गरिने आयोजनाको बजेट सीमा सम्बन्धमा ।**

**निर्णय** : यस गाउँपालिकाको चालु आ.ब. २०७९/८० को लागि पूर्वाधार विकासतर्फका आयोजनाहरु रु. १५,००,०००।०० (पन्ध्र लाख मात्र) सम्मका आयोजनाहरु स्थानीय उपभोक्ता समितिहरुबाट संचालन गर्नका लागिकार्यपालिकाको बैठकबाट पारित गरी स्वीकृतिको लागि गाउँसभाको अधिवेशनमा पेश भएकोमा यस गाउँपालिकाद्धारा संचालन गरिने भौतिक पूर्वाधार निर्माण तर्फका आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : बेरुजु सम्परीक्षण सम्बन्धमा ।**

**निर्णय** : यस गाउँपालिकाको विभिन्न आ.ब.हरुमा गरेको आर्थिक कारोबारहरु महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गरी प्राप्त भएको प्रतिवेदनमा उल्लेख गरिएका बेरुजुहरुलाई सम्परीक्षण गर्नुपर्ने दायित्व गाउँपालिकाको रहेको छ । महालेखापरीक्षकको कार्यालयबाट आर्थिक कारोबारहरुको लेखापरीक्षण सम्पन्न भएपश्चात लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित बेरुजुहरु सम्परीक्षण गरी फछ्र्यौट गर्नका लागि यस गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समितिमा छलफल भई तपसिलमा उल्लेखित बेरुजुहरु फछ्र्यौटका लागि निर्णय तथा सिफारिस साथ गाउ कार्यपालिकाको बैठकमा पेश भएकोमा उक्त बेरुजुहरु सम्परीक्षण गर्नका लागि बेरुजुमा उल्लेखित कार्य र प्रमाणहरुलाई कार्यपालिकाको बैठकबाट अनुमोदन गर्दै गाउँसभामा अनुमोदनका लागि पेश भएकोमा नियमानुसार बेरुजु फछ्र्यौटका लागि अनुमोदन गर्दै महालेखापरीक्षकको कार्यालयलाई सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(१) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ११ मा निःशुल्क पाठ्यपुस्तकः शिक्षा तथा मानव स्रोत विकास केन्द्रको २०७८।२।२५ च नं ३९५ को परिपत्रानुसार न पाले २०७७ को IEMISडाटाको आधारमा भौचर नं १६१ बाट २१ वटा विद्यालयमा रु.३१६४६६८/- निःशुल्क पाठ्यपुस्तक अनुदान रकम निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म शैक्षिक सत्र २०७८ को IEMISडाटाबाट विद्यालयमा निकासा पठाईएको रकमको भिडान गरी बढी भए नभएको रकम एकिन गरेको पाईएन । पालिकाले कोविडको कारण बन्द भएको विद्यालयमा सो अवधिमा निकासा गरिएको पाठ्यपुस्तकबापत रकमबाट सम्बन्धित विद्यालयहरुले विद्यार्थीहरुलाई पाठ्यपुस्तक खरिद गरी वितरण गरेको सम्बन्धमा प्रमाण पेश हुनुपर्ने रु...३१६४६६८/-उल्लेख भएको छ ।

निःशुल्क पाठ्यकम अर्न्तगत विद्यालयमा निकासा भई गएको रकमबाट सम्बन्धित विद्यालयहरुले पाठ्यपुस्तक खरिद गरि वितरण गरेको भनि सम्बन्धित विद्यालयहरुले गाउँपालिकालाई पत्राचार गरेको हुँदा उक्त प्रमाणका आधारमा बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(२) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ११ मा छात्रवृत्तिः विद्यालयका विद्यार्थीहरुको लागि तोकिएको फिडर, अपाङ, दलित तथा छात्रा छात्रवृति बापत रकम विद्यालय खातामा निकासा गरेको छ । कोविड-१९ को कारण २०७८/१/१३ देखि विद्यालयहरु बन्द रहेको अवस्थामा विद्यालयले तोकिएको आधारमा छात्रवृत्ति पाउने विद्यार्थीलाई रकम बुझाएको भरपाई र पालिकाबाट भएको अनुगमन प्रतिवेदन पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु...२०५००००/-उल्लेख भएको छ ।

छात्रवृत्ति अर्न्तगत विद्यालयमा निकासा भई गएको रकमबाट सम्बन्धित विद्यालयहरुले सम्बन्धित विद्यार्थीहरुलाई छात्रवृत्ति बापतको रकम वितरण गरेको भनि सम्बन्धित विद्यालयहरुले गाउँपालिकालाई पत्राचार गरेको हुँद उक्त प्रमाणका आधारमा बेरुजु संम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(३) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. १३ मा भौतिक निर्माण अनुदानःसंघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम शिक्षा शर्शत तर्फको रकमबाट निकासा दिई खर्च गराउँदा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७ को आधारमा तोकिए बमोजिम कार्य गराई खर्च गर्नुपर्ने व्यवस्था छ ।नेपाल सरकार शिक्षा तथा मानव श्रोत केन्द्रले च.नं. २५४ -२०७८।३।२० को पत्रबाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमतर्फको रकम भौतिक पूर्वाधारको समेत तत्काल निकासा दिई सम्पन्न हुन बाँकी काम गर्ने गराउने व्यवस्था गरी निकासा दिन परिपत्र गरेको छ। सोही परिपत्रको आधारमा देहायका विद्यालयहरुलाई भवन रेट्रोफिटिङको लागि रकम निकासा दिएकोमा विद्यालयले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ को व्यवस्था बमोजिम पेश हुनुपर्ने कार्य सम्पन्न प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश भएन। सम्झौताको शर्त अनुसार भएको निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन प्रमाण पेश हुनपर्नेभनि रु. १५,००,०००।०० बेरुजु उल्लेख भएको छ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अर्न्तगत कन्चनजंघा आ.वि.लाई रेक्ट्रोफिटिङका लागि रु. १५,००,०००।०० विनियोजन भए बमोजिमको कार्य सम्पन्न भई अनुगमन प्रतिवेदन सहित कार्यसम्पन्न प्रतिवेदन प्राप्त भइसकेको हुँदा नियमानुसार बेरुजु फछ्र्यौटका लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(४) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. २०.२ मा औषधिजन्य सामग्री खरिद ○: कार्यालयले को भिड - 19संक्रमणको रोकथाम तथा उपचारको लागि सुरक्षा सामग्री PPE, VTMखरिद कार्य सोझै प्रकृयाबाट सप्लायर्सहरुबाट खरिद गर्ने गरेको पाइयो । स्वास्थ्य सुरक्षासँग सम्बन्धित सामाग्रीहरु खरिद गर्दा उक्त सामग्रीहरुको विक्रि वितरण तथा सप्लाई गर्ने गरी दर्ता भएका विक्रेताबाट खरिद गर्नुपर्नेमा २०७७ । ९ । १४ मा ४० वटा PPEर ४०० वटा VTM रु.191999/- मा J & Sons Business PVTविर्तामोडबाट खरिद गरेको पाइयो । उक्त फर्म स्वास्थ्य जन्य सामाग्री खरिद विधि दर्ता रहेको फर्मको प्रमाण समावेश भएको नपाइएकोले सोझै खरिद कार्य तोकिएको आधार पुरा गरी खरिद गर्ने मान्न सकिएन भनि १,९१,९९९।०० बेरुजु उल्लेख भएको छ ।

कोभिड १९ संकमण रोकथाम तथा उपचारको लागि आवश्यक सामाग्रीहरु पि.पि.एम. र भि.टि.एम. जस्ता सामाग्रीहरु तत्काल खरिद गर्नुपर्ने भएकोले विपद् जस्तो परिस्थितिजन्य खरिद गर्नुपर्ने भएकोले तत्काल जुनसुकै फर्ममा सामाग्री पाउन साथ खरिद गर्नु पर्ने अवस्था सृजना भएको समयमा अतिआवश्यक सामाग्रीको रुपमा खरिद गरिएको हुँदा तत्कालिन विपदका् समयमा तत्कालको आवश्यकता अनुसार खरिद गरिएकोले नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि निर्णय गरियो ।

(५) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. २०.४ मा जोखिम भत्ताः कोरोना भाइरस संक्रमण रोकथाम तथा उपचारमा अग्रपङ्तीमा रही काम गर्ने स्वास्थ्य जनशक्तिहरुको लागि नेपाल सरकारको २०७६।१२।९ को निर्माणबाट जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ जारी भएको छ । आदेशमा कोरोना भाइरसको उपचारको कार्यमा खटिएको लागि तोकिएको प्रकृया र आधार पुरा गरे पछि तोकिए बमोजिम प्रतिशतका दरबाट भत्ता दिन सकिने व्यवस्था छ पालिकाले कोभिडको पहिलो लहर २०७६।१२।११ देखि यो संक्रमण नियन्त्रण सम्बन्धी कार्यमा खटिएको आधार देखाई भौ.नं.21/2076/6/28 मा निम्नानुसारका कर्मचारीलाई ११६ दिनको जोखिम भत्ता वापतको रकम भुक्तानी गरेको पाइयो ।जोखिम भत्ता आदेश २०७७ मा भत्ता भुक्तानी गर्दा सम्बन्धित व्यक्तिलाई खटाएको स्थानको निर्णय र हाजिरी समेत समावेश गर्नुपर्ने व्यवस्था छ । उपरोक्तानुसार आ.ब. २०७६।७७ को अवधिको जोखिम भत्ता वापतको रकम भुक्तानी गर्दा सो अवधिमा कोरोना संक्रमण तथा उपचारमा सम्बन्धितलाई स्थान र अवधि तोकि खटाएको प्रमाण समावेश नभएको भुक्तानी बाँकी विवरण चढाई प्रमाणित नभएको र जोखिम भत्ता वापत गाउँ सभाबाट बजेट विनियोजन वेगर भुक्तानी दिएको अनियमितभनि रु. १,००,८००।०० बेरुजु उल्लेख भएको छ ।

कोभिड संकमणको क्रममा फ्रन्टलाइनमा खटिएका कर्मचारीहरुलाई गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार नै कोभिडको परीक्षणको लागि स्वाब संकलनमा खटिएको कर्मचारीहरुलाई दिनको रु. १२,००।०० का दरले जोखिम भत्ता दिइएको हुँदा आकस्मिक रुपमा जोखिमपूर्ण कार्य गर्नका

लागि खटिएको तर जोखिम भत्ताका लागि बजेट विनियोजन नभएको हुँदा विपद् व्यवस्थापन कोषबाट खटिएका कर्मचारीहरुको प्रमाणित अभिलेख सहितको प्रमाण राखी भुक्तानी गरिएको हुँदा नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि निर्णय गरियो ।

(६) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. २०.५ मा क्वारेन्टिन खाना खाजाः कोरोना संक्रमण नियन्त्रण सम्बन्धी नेपाल सरकारबाट स्वीकृत क्वारेन्टिन व्यवस्थापन मापदण्डमा क्वारेन्टिनमा रहने व्यक्तिहरुको लागि खानाखाजाको व्यवस्थापन गर्दा सम्बन्धित जिल्लाको नेपाल प्रहरी दैनिक राशन दरको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले क्वारेन्टिनको खाना खाजा वापत कृष्ण प्रसाद दहाललाई प्रति व्यक्ति रु.290/- र रेश्मा खाजा घरलाई रु. 250/- का दरले क्वारेन्टिनको खाना खाजाको रकम भुक्तानी गरेको पाइयो । क्वारेन्टिन रहने व्यक्तिहरुको नाम नामेसी प्रवेश अवधि र डिस्चार्ज अवधि खुलेको विवरण पेश नभएकोले क्वारेन्टिन खाजा खानामा भएको खर्च यकिन गर्न सकिएन रु.४६४४९६/- उपभोक्ता समितिको कामः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा स्थानीय स्तरमा बसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । नियम ९७ (१२) मा उपभोक्ता समितिसँग भएको सम्झौताबाट कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी योजनाको स्वामीत्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले केर्खा बजार बाटो ग्राभेल तथा मर्मत उपभोक्ता समितिसँग वडा नं.5को सार्वजनिक जंगल क्षेत्र भित्रको जग्गामा कोभिड-19संक्रमित व्यक्तिहरु राख्ने प्रयोजनको लागि भवन तयार गर्दा फलामे ट्रष्ट र टिनको छाना रहने गरी टहरा निर्माणको कार्य गर्न रु.2558462.22को लागत अनुमान स्वीकृत गरी २०७७।४।२० मा कार्यदेश दिई २०७७।७।३० सम्मको अवधिमा कार्य गर्ने सम्झौता गरी रु.2491616/-भुक्तानी गरेको पाइयो । उक्त कार्यको कार्य सम्पन्न प्रतिवेदन कार्यालय प्रमुखबाट प्रमाणित नभएको, सार्वजनिक जंगल क्षेत्रमा स्थायी रुपमा टहरा निर्माण गरी खर्च गरेकोमा सो संरचना निर्माण गर्ने स्वीकृती सम्बन्धित डिभिजन बन कार्यालय बाट स्वीकृत नभएको, एउटा योजनाको कामको लागि गठन भएको उपभोक्ता समितिलाई छुट्टै स्थान र फरक कामको लागि छनौट गरी सम्झौता गरेको, सम्पन्न भएको काम समितिलाई हस्तान्तरण गरी संरक्षण को जिम्मेवारी नदिएको अवस्था देखियो । गाउँपालिकाले विभिन्न स्कुलहरुमा समेत थप क्वारेन्टिन स्थल तयार गर्दै रु. 192484/-खर्च गरेको समेत देखिएकोले कोरोना संक्रमण तथा उपचार कार्यमा भएको क्वारेन्टिन स्थल निर्माण कार्य मितव्ययी तथा प्रभावकारी रुपमा खर्च गरेको मान्ने आधार देखिएन भनि रु. २९,५६,११२।०० बेरुजु उल्लेख भएको छ ।

क्वारेन्टिनमा रहने व्यक्तिहरुलाई खाना खाजा बापत भुक्तानी गरेको रकम भुक्तानी गरिएकोमा क्वारेन्टनमा रहेका बिरामी व्यक्तिहरुको अभिलेख नभएको भनि उल्लेख भएको हुँदा खाना खाजा खुवाइएको व्यक्तिहरुको अभिलेख भएको हुँदा उक्त अभिलेखको आधारमा खाना खाजा खर्च बापतको रकम रु. ४६४४९६/-र कोभिड प्रभावितहरुलाई राख्नको लागि नेपाल सरकारको निर्देशन बमोजिम क्वारेन्टाइन निर्माण कार्य गरिएको हो । कोभिड प्रभावित व्यक्तिहरुलाई सुरक्षित राख्नका लागि क्वारेन्टाइन तत्काल निर्माण गनुपर्ने र क्वारेन्टिन निर्माण गरिएको आसपासको स्थानमा नै ५ नं. वडा कार्यालय समेत निर्माण गरिएको आधारमा सार्वजनिक प्रयोजनको लागि क्वारेन्टिन स्थल निर्माण गरिएको हो । क्वारेन्टिन स्थल निर्माण लागत अनुमान तयार गरी उपभोक्ता समिति गठन तथा सम्झौता गरी निर्माण कार्य गरिएको हो । ठेक्का विधिबाट निर्माण कार्य गर्दा निर्माण कार्य ढिलो हुने तर क्वारेन्टिन यथाशिघ्र निर्माण गर्नुपर्ने भएकोले उपभोक्ता समिति मार्फत निर्माण कार्य गरिएको हुँदा नियमानुसार उक्त कार्य बापतको रु. २४,९१,६१६।०० गरी जम्मा रकम रु. २९,५६,११२।०० बेरुजु फछ्यौंटको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(७) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. २८ मा वडा स्तरीय योजना अनुगमन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ ख ५ मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने कार्य उपाध्यक्षको हुने व्यवस्था छ । साथै गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (क) मा पदाधिकारीहरुलाई मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ । योजनाको कार्य गराउँदा सम्बन्धित साइट इन्जिनियर खटिएको अवस्थामा ती कर्मचारी तथा उपाध्यक्षबाट अनुगमन गराई कार्य गर्नुपर्नेमा पालिकाले वडामा सञ्चालित रु. २ लाख सम्मका योजना वडा समितिबाट अनुगमन गराई सो बापत देहायअनुसार रु.२६५०००/- अनुगमन भत्ता खर्च लेखेको छ । ऐनमा व्यवस्था भएको अनुगमन समिति भन्दा फरक गरी वडागत समिति मार्फत अनुगमन गराई अनुगमन भत्ता भुक्तानी बापतको खर्च नियमसम्मत नदेखिएको भनि रु. २,६५,०००।०० बेरुजु उल्लेख भएको छ ।

वडास्तरीय अनुगमनको सम्बन्धमा नेपाल सरकारबाट जारी गरिएको स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा नं. ६.२.३ मा सम्बन्धित वडाका वडाअध्यक्षको संयोजकत्वमा वडास्तरीय अनुगमन समितिको व्यवस्था रहेको छ । साथै गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधि, २०७८ बमोजिम २ लाखसम्मको आयोजनाहरुको अनुगमन वडास्तरीय अनुगमन समितिको सिफारिसको आधारमा भुक्तानी गर्ने भनि व्यवस्था भए बमोजिम भुक्तानी गरिएको खर्च नियमसम्मत नै रहेको हुँदा उक्त बेरुजु नियमानुसार सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(८) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ३२मा न्यायीक समिति भत्ता वितरणआयकर ऐन, २०५८ को दफा ८७ र ८८ भएको कारोबारको भुक्तानी गर्नुपुर्व कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले न्यायीक समितिको भत्ता वितरण गर्दा उपर्युक्त व्यवस्था बमोजिम अग्रीम कर कट्टी गरेको पाइएन। अतः न्यायीक समितिको भत्ता भुक्तानी गर्दा कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने भनि रु. १०,७५२।०० बेरुजु उल्लेख भएको छ।

न्यायिक समितिको भत्ता वितरण गर्दा अग्रीम कर कट्टी नपुग भएको रकम राजश्व खातामा भौचर नं. ९०००२५७४१२ बाट दाखिला गरि असुल उपर गरि सकेको हुँदा नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो।

(९) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ३४मारितपूर्वकको कर बिजकमुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार विक्रेताले क्रेतालाई मूल्य अभिवृद्धि कर समावेश वस्तु तथा सेवा आपूर्ति गर्दा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर बिजक जारी गर्नु पर्दछ। पालिकाले यस वर्ष इन्धन खरिद बापत रिजाल आयल सप्लायर्स एण्ड ट्रेडर्सलाई (भ्याट नं. ३०५३२०११५) रु. १२४२३३९/- भुक्तानी दिएकोमा आपूर्तकले नियमानुसार भ्याट विजक जारी नगरी पान विजक जारी गरेको पाइयो। नियममा भएको व्यवस्था अनुसार भ्याट बिजक जारी नगरी प्यान विजकको आधारमा खर्च लेखेको रकम नियमसम्मत नदेखिएकोभनि रु. १२,४२,३३९।०० बेरुजु उल्लेख भएको छ।

कार्यालयले इन्धन बापतको भुक्तानी गर्दा रिजाल आयल सप्लायर्स एण्ड ट्रेडर्सलाई रु. १२,४२,३३९।०० भुक्तानी गरिएकोमा प्यान विजकबाट भुक्तानी गरिएकोमा निज सप्लायर्सले उक्त आ.ब. मा वार्षिक कर चुक्ता गरी सोको प्रमाण पेश गरेको हुँदा नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो।

(१०) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ३७माकृषि गुरुयोजना निर्माणबजेट व्यवस्था भई कार्यान्वयन हुने सुनिश्चित भएका आयोजनाको मात्र कार्यालयले गुरुयोजना (डी.पी.आर.) प्रतिवेदन तयार गर्नु पर्दछ। गाउँपालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार गाउँपालिकाका कृषि सम्बन्धी गुरुयोजना निर्माण गरी प्रतिवेदन तयार गर्ने कार्य इन्ट्रिगेटेड स्टडिज एण्ड रिसर्च सेन्टर प्रा.लि. बाट गराई रु. ११८९५५१/- खर्च लेखेको छ। यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको कार्य क्षेत्रगत शर्त तथा लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गर्ने गरेको देखियो। डी.पी. आर. तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु बजेट प्राप्त भै कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता नदेखिएको भनि रु. ११,८९,५५१।०० बेरुजु उल्लेख भएको छ।

कृषि गुरुयोजना निर्माण तत्काल सम्बन्धित विषयसंग सम्बन्धित विज्ञ कर्मचारीको अभाव तथा गुरुयोजना जस्तो कार्य सामान्य कर्मचारीबाट समेत सम्भव नहुने भएकोले लागत अनुमानको आधारमा निर्माण गरिएको र उक्त गुरुयोजनाको कार्यान्वयन क्रमागत रुपमा गरिने भएकोले तत्काल कार्यान्वयन गरिएन भन्ने आधारमा बेरुजु उल्लेख हुनु सान्दर्भिक नहुने भएकोले नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(११) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ३९माकरार कर्मचारीस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष विभिन्न पदमा कर्मचारी करारमा लिई रु.९४७१८४०/- तलब भत्ता खर्च लेखेको छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बाँचे लगायतका पदमामात्र करार वाट सेवा लिनसकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पदवाहेक दरबन्दी भित्र वा वाहिरको गरी कम्प्युटर अपरेटर १, सहायक कम्प्युटर अपरेटर ८, सव ओवरसियर २, अमिन १, ना.प्रा.स. ३, ल्याव असिसटेन्ट २ गरी जम्मा १७ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु. ६०७१४८०/- भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको भनि रु.६०,७१,४८०।०० बेरुजु उल्लेख भएको छ ।

करार कर्मचारीहरुको सन्दर्भमा O & M प्रतिवेदनको आधारमा दरबन्दी कायम गरिएको, प्राविधिक कर्मचारीहरुको पदपूर्तिको लागि पत्राचार गरिएकोमा हालसम्म लोकसेवा आयोगबाट पदपूर्ति नभएको, O & M प्रतिवेदनमा नै कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर करार सेवाबाट पदपूर्ति गर्ने भनि व्यवस्था रहेको र सो प्रतिवेदनलाई कमल गाउँपालिकाको गाउँसभाले समेत अनुमोदन गरेको हुँदा नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(१२) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ४२मागैहसरकारी संस्था मार्फत कार्यक्रमसार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा १० लाख रुपैयाँ भन्दा कम रकमको कार्य मौजुदा सुचिमा रहेका ग्रैह सरकारी संस्थाबाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटा सँग आर्थिक प्रस्ताव माग गरी कामको आवश्यक्ता, किसिम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको

कार्य क्षेत्रगत शर्त र लागत मूल्याङ्कन विधि अनुसार पारदर्शी रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यपालिका निर्णयको आधारमा देहायका ग्रैह सरकारी संस्था मार्फत विभिन्न कार्यक्रम सञ्चालन सोझै गरेको पाइयो । कार्यक्रम सञ्चालन गर्दा खर्चको नर्म्स, कार्य क्षेत्रगत शर्त समेत तयार नगरी विभिन्न तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुसार प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । नियममा भएको व्यवस्था पालना नगरी खर्च गरेको रकम नियमसम्मत नदेखिएकोभनि रु. १६,७४,६७०।०० बेरुजु उल्लेख भएको छ ।

गाउँपालिकाको तालिम कार्यक्रमहरु स्थानीय संस्थाहरुले पेश गरेको प्रस्ताव बमोजिम स्थानीय गैह्रसरकारी संस्थाहरुको प्रोत्साहनका लागि सहकार्यमा गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार सार्वजनिक खरिद ऐन बमोजिम ५ लाखसम्म सोझै खरिद गर्न सक्ने व्यवस्था भए बमोजिम तालिम सचालन गरिएकोले नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि निर्णय गरियो ।

(१३) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ४४माफिल्ड भत्ताः नेपाल सरकारले २०७६।४।१ देखि लागु हुने गरी संघ, प्रदेश तथा स्थानीय तहका कर्मचारीहरुको तलव भत्ता सम्बन्धी व्यवस्था गरेको छ । अर्थ मन्त्रालयबाट प्रकाशित तलवमान सम्बन्धी सूचनामा स्थानीय तहमा कार्यरत कर्मचारीलाई थप फिल्ड भत्ताको व्यवस्था रहेको पाइएन । पालिकाले स्वास्थ्य शाखातर्फ कार्यरत निम्नानुसारका कर्मचारीलाई मासिक स्थानीय भत्ताको अतिरिक्त फिल्ड भत्ता उल्लेख गरी यो वर्ष रु.७२०००/- भुक्तानी गरेको छ । स्थानीय तहमा समायोजन भै स्थानीय भत्ता पाइरहेका कर्मचारीलाई थप फिल्ड भत्ता भुक्तानी गरेकोले उक्त रकम पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा दोहोरो भत्ता रकम असुल हुनुपर्दछ भनि रु.७२,०००।०० बेरुजु उल्लेख भएको छ ।

स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुलाई खोप केन्द्र र गाउँघर क्लिनिकमा खटिए बापत फिल्ड भत्ता बापत मासिक रु. १५००।०० का दरले उपलब्ध गराइएको हो । प्रतिवेदनमा उल्लेख भए बमोजिम स्थानीय तहमा समायोजन भै स्थानीय भत्ता कुनै पनि कर्मचारीले पाउने व्यवस्था नभएकोले दोहोरो सुविधा लिएको भन्ने आधार नभएको हुँदा कर्मचारीहरुले सम्बन्धित स्वास्थ्य संस्था भन्दा बाहिर खटिदाको अवस्थामा फिल्ड भत्ता दिइएको हुँदा नियमानुसार बेरुजु सम्परीक्षणका लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

(१४) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ४६ माबिल बेगर भुक्तानीःआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०)मा सरकारी रकम खर्च गर्नु अघि सो खर्च संग सम्बन्धित बिल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी गर्नुपर्ने

व्यवस्था छ । पालिकाले तपसिलको निर्माण कार्यको बिल भुक्तानी गर्दा PS आईटम रहेको कार्यको भुक्तानी दिएकोमा श्रेस्तासाथ बिल बिजक, टेष्ट रिपोर्ट संलग्न राखेको पाईएन तसर्थ उक्त भुक्तानीको आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने भनि रु.२५,०००।०० बेरुजु उल्लेख भएको छ ।

भौ.नं. ५१ मिति २०७७/१०/४, पृथ्वी निर्माण सेवाले प्रोजेक्ट इन्फर्मेसन बोर्ड बापतको रकम रु. १०,०००।०० को बिल भरपाई पेश गरेको हुँदा नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(१५) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ४७.१ माआर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६५ मा तोकिएको कार्य प्रयोजनको लागि राखिएको धरौटी काम पूरा नगरेमा ज़फत गर्ने सम्बन्धमा व्यवस्था छ । पालिकाले स्यानिटरी प्याड् खरिद गर्न आह्वान गरेको ठेक्का (ठे.नं.05/KRM / Sanitary Pad/077/78)मा निक्की फर्मा डिष्ट्रिव्युटर्सले सबैभन्दा घटी कबोल गरेकोमा उक्त व्यवसायी सम्झौता गर्न नआएकोले धरौटी जफत गरी अन्य पार्टी संग सम्झौता गर्नुपर्नेमा लेखापरीक्षण अवधि सम्म धरौटी जफत गरी राजश्व दाखिला गरेको नपाईएकोले उक्त धरौटी रकम राजश्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने भनि रु.६५,०००।०० बेरुजु उल्लेख भएको छ ।

पालिकाले स्यानिटरी प्याड खरिद गर्दा निक्की फर्मा डिष्ट्रिव्युटर्सले नियमानुसार सम्फौता गर्न नआएकोले धरौटी ज़फत गरी राजश्वमा दाखिला गरेको भौचर रहेको हुँदा नियमानुसार बेरुजु सम्परीक्षणका लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(१६) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ४८ मा दिवा खाजाशिक्षा शशर्त अनुदानतर्फको रकम खर्च गर्दा नेपाल सरकारबाट सम्बन्धित आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्दछ । पालिकाले उल्लेखित मितिको भौचरबाट ७३ बाट २१ विद्यालयको ३०४४ विद्यार्थीलाई ४९ दिनको प्रति विद्यार्थी रु. १५/- का दरले रु.२२३७३४०।- र दोश्रो चरणमा भौ नं १७७ बाट बैशाख १ देखि १३ सम्म जनाई रु. ११४९३०५। - सहित जम्मा रु.३३८६६४५/- दिवा खाजा रकम निकासा गरेकोमा सम्बन्धित विद्यालयहरुले | लेखापरीक्षण अवधिसम्म उक्त रकमबाट भएको खर्च र विद्यार्थीलाई बुझाएको प्रमाण पेश नभएको साथै २०७८।१।१३ देखि कोभिड-१९ को कारणले विद्यालयहरु बन्द रहेकोले निकासा भएको रकमबाट तोकिएको कार्यमा खर्च भए नभएको यकिन गरी खर्च नभएमा रकम फिर्ता लिई संघीय संचित कोष दाखिला हुनुपर्दछ भनि रु.३३८६६४५/- बेरुजु उल्लेख भएको छ ।

गाउँपालिकाबाट दिवा खाजा बापतको रकम विद्यालयहरुलाई निकासा गरिएकोमा उक्त निकासा बमोजिम गरिएको खर्चको प्रमाणित पत्र विद्यालयहरुबाट प्राप्त भएको हुँदा सोही आधारमा बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(१७) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ५३ मा असम्बन्धित खर्च भुक्तानीःसंघीय संरकारबाट प्राप्त बजेट खर्च गर्दा तोकिएको नर्म्स बमोजिम गर्नुपर्ने व्यवस्था छ। संघिय सरकारबाट प्राप्त धान उत्पादन प्रवर्द्धन कार्यक्रमबापत प्राप्त बजेटबाट उल्लेखित भौचर र मितिबाट पालिकाले प्रा स महेन्द्र बोहोरालाई ल्यापटप ब्याग, रेनकोट खरिद र बाईक मर्मत बापत रु.५६०००/- भुक्तानी खर्च दिएको पाईयो । कार्यक्रममा तोकिएको कार्य बाहेकको कार्यमा भुक्तानी दिएको रकम अनियमित देखिएको भनि रु. ५६,०००बेरुजु उल्लेख भएको छ ।

धान उत्पादन प्रवर्द्धन कार्यक्रम संचालनको क्रममा कार्यक्रम कार्यान्वयनको लागि कर्मचारीहरुको लागि आवश्यक पर्ने ल्यापटप व्याग, रेनकोट र बाइक मर्मत कार्य अख्तियार प्राप्त पदाधिकारीको स्वीकृतिमा गरिएको र यि सामाग्रीहरु कार्यक्रम संचालनका लागि आवश्यक पर्ने सामाग्रीहरु भित्र नै पर्ने भएकोले उक्त खर्चलाई अनुमोदन गर्दै नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(१८) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ५४ मा प्रमाण बेगर भुक्तानीःआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्नु अघि सो खर्च संग सम्बन्धित बिल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले सशर्त कृषितर्फ प्राप्त धान उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा धानको विउ / मल खरिद बापत तपसिलको भुक्तानी खर्च लेखेकोमा कृषकलाई वितरण गरेको प्रमाण श्रेस्तासाथ संलग्न रहेको नपाईएकोले सोको प्रमाण पेश हुनुपर्ने भनि रु.९१३,१००बेरुजु उल्लेख भएको छ ।

धान उत्पादन प्रवर्द्धन कार्यक्रम अर्न्तगत ५० प्रतिशत अनुदानमा धानको विउ वितरण कृषकहरुलाई गरिएकोमा उक्त वितरण गरिएको भरपाई रहेको हुँदा सोका आधारमा बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(१९) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ५५ मा गाई प्रवर्द्धन कार्यक्रमःवित्तिय हस्तान्तरणमार्फत कृषि तथा पशु सेवा तर्फ प्राप्त कार्यक्रमहरु संचालन गरी रकम खर्च गर्दा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट स्वीकृत लागत साझेदारीमा पशुपंक्षी प्रवर्द्धन कार्यक्रम कार्य संचालन प्रकृया सम्बन्धि मार्गदर्शन, २०७७ ले तोके बमोजिम गर्नुपर्ने व्यवस्था छ। मार्गदर्शनको बुँदा नं ५ मा कार्यक्रम कार्यान्वयनको नर्म्सको व्यवस्था रहेको र अनुसुची ७ (२) बमोजिम लागत साझेदीमा गाई प्रवर्द्धन कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख रहेको छ। जस अनुसार

प्रति पालिका १० कृषकको समूहलाई प्रति कृषक २ वटा जर्सी वा होलिस्टेन क्रस गाई न्युनतम हुनुपर्ने तोकिएको छ। लागत साझेदारीमा गाई प्रवर्द्दन कार्यक्रम बापत यो वर्ष रु.२१३३०००/- बजेट प्राप्त भएकोमा पालिकाले ईन्द्रेणी बहुउद्देश्यीय सहकारी संस्थासंग सम्झौता गरी गोठ मर्मत र १४२ वटा गाई खरिद गरी ५० जना कृषकलाई वितरण गरेको प्रमाणको आधारमा लागत साझेदारी बापत सहकारीलाई रु. १८१३०५०/- भुक्तानी दिएको छ। बहुउद्देश्यीय सहकारी मार्फत गाईको प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरेको र सहकारी मार्फत पेश भएको गाई खरिदको विवरण अनुसार श्रोतकेन्द्र नतोकि सोझै कृषकबाट गाई खरिद गरेको पाईयो। मार्गदर्शनमा तोकिए अनुसार खरिद गरिएको गाई जर्सी वा होलिस्टेन क्रस गाई भएको प्रमाणित गरिएको नपाईएकोले यो वर्ष लागत साझेदारीमा गाई प्रवर्द्धन कार्यक्रममा भएको खर्च मार्गदर्शनमा तोकिए बमोजिम भएको मान्ने आधार नदेखिएको भनि रु.१,८१३,०५०बेरुजु उल्लेख भएको छ।

गाई प्रवर्द्धन कार्यक्रम अर्न्तगत लागत साझेदारीमा सहकारीहरु मार्फत संचालन गरिएको हो। तत्कालिन अवस्थामा श्रोत केन्द्र तोकिएको अवस्था भएकोले गाईको प्रमाणित हुने अवस्था नभएकोले भौतिक रुपमा नै हेरी गाई खरिद कार्य गरिएको हो। श्रोत केन्द्र नभएको अवस्थामा खरिद गरिएको गाई जर्सि वा होलस्टेन कस गाई भएको प्रमाणित गर्ने अवस्था नभएको तर सहकारी मार्फत नै कार्यक्रम कार्यान्वयन गरिएको हुँदा नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो।

(२०) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ५८ मा प्रविधि हस्तान्तरणःगरिवीनिवारणका लागी उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा लघु उद्यमीलाई वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण गरिने र प्रविधि हस्तान्तरण गर्दा उद्यमको प्रकृति हेरी व्यवसायीक योजना अनुसार कार्यक्रम र बजेटको परीधिभित्र रही लघुउद्यमी, लघु उद्यमी समुह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिने व्यवस्था रहेको छ। निर्देशिकामा यसरी हस्तान्तरण हुने प्रविधिको कुल अंकको वीस प्रतिशत रकम उद्यमीबाट लागत साझेदारी गराउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले तपसिलको उद्यमीलाई प्रविधि हस्तान्तरण गरेकोमा तोकिएको अंश रकम नलिई कार्यक्रमको रकम खर्च गरेको अनियमित देखिएको भनि रु.६३,६७५बेरुजु उल्लेख भएको छ।

लघु उद्यम विकास कार्यक्रम अर्न्तगत लघुउद्यमीहरुको प्रवर्द्धनको लागि उपयुक्त प्रविधि हस्तान्तरण गर्ने कार्यक्रम बमोजिम हस्तान्तरण गरिएको हो। तालिम प्राप्त लघु उद्यमीहरुको आर्थिक अवस्था न्यून भएको कारणले लागत सहभागिता गर्न नसक्ने अवस्था रहेको हुँदा गाउँपालिकाले बिस प्रतिसत रकम साझेदारी गराउनुपर्ने व्यवस्था भए पनि पुर्ण अनुदानमा प्रविधि हस्तान्तरण गरिएको हुँदा नियानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो।

(२१) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ६० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम : शिक्षा शर्शत तर्फको रकमबाट निकासा दिई खर्च गराउदा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७७८ मा तोकिए बमोजिम कार्य गराई खर्च गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार शिक्षा विज्ञान प्रविधि मन्त्रालयको २०७८।३।२० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अर्न्तगत भौतिक पूर्वाधारतर्फको रकम समेत तत्काल निकासा दिई सम्पन्न हुन बाँकी काम गर्ने गराउने व्यवस्था स्थानिय तहले मिलाउने गरी निकासा दिन परिपत्र गरेको आधारमा पालिकाले निम्नानुसारका विद्यालयहरुलाई दुई कोठे भवन तथा शिक्षामा नविनतम प्रविधि कृयाकलाप सहितको कार्यको लागि निकासा गरेकोमा उक्त रकमबाट कार्यकम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था अनुसार तोकिएको प्रकृया पुरा गरी कार्य सम्पन्न भएको प्रमाण पेश नभएकोले सोको कार्यसम्पन्न प्रमाण पेश हुनुपर्ने रु. १०,१००,००।०० भनि बेरुजु उल्लेख गरिएको छ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अर्न्तगत सरस्वती मा.वि.कमल ७ लाई २ कोठे, मंगलमय मा.वि. लाई २ कोठे र सहिद धर्म मा.वि. लाई २ कोठे भवनको लागि प्रत्येक विद्यालयलाई १८,००,०००।०० को दरले निकासा गरिएकोमा उक्त रकमबाट २ कोठे भवन निर्माण कार्य सम्पन्न भई प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको हुँदा नियमानुसार बेरुजु सम्परीक्षणका लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(२२) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ६२.२ मा अनुदान कार्यक्रम संचालन स्थितिः वित्तीय हस्तान्तरण अन्तर्गत कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत कार्यविधि र नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कष्टम हायरिङ सेवा केन्द्र स्थापना कार्यक्रमबाट इन्द्रेणी कृषक समुहलाई १ थान ट्राक्टर सहित अन्य कृषि उपकरण (यन्त्र) उपलब्ध गराई रु.1017500/-खर्च गरेको छ । कार्यक्रम संचालन निर्देशिका बमोजिम कष्टम हायरिङ सेवा केन्द्र स्थापना गर्दा छनौट हुने संस्था प्रचलित कानून बमोजिम दर्ता भई व्यवसायी कारोवार योग्य रहेको, जग्गा र घरको व्यवस्था भएको, हायरिङ सेवाको मूल्य / भाडा कम्तिमा २० प्रतिशत कम्र हुनुपर्ने साथै यस्तो कार्यमा सम्बद्ध संस्था वा सहकारी, कृषक समुहले विगत देखि सेन्टरमा रहेको कृषि यन्त्र नपुग भई थप गर्न माग गरे नगरेको समेत यकिन गर्नुपर्ने गरी तोकिएको छ । पालिकाले इन्द्रेणी समुहलाई ट्राक्टर सहित ७ प्रकारका कृषि औजार खरिद गरी उपलब्ध गराउदा क्याटलग विधिबाट मेशिन खरिद कार्य गर्ने सूचना प्रकाशित गरी टेक्टर र अन्य उपकरण समेतको छुट्टा छुट्टै दररेट माग गरी ४ वटा सप्लायर्सबाट पेश भएका दर मध्ये घटी दर पेश गर्ने कुवेर एण्ड सन्सबाट रु.585000/- मा अन्य उपकरण र पाथीभरा सप्लायर्सबाट टेक्टरको | रु. 1415000/- को मूल्यलाई छनौट गरी सो मूल्य मध्ये पालिकाले व्यहोर्ने रु. 1017500/- सप्लायर्सलाई भुक्तानी गरेको छ । इन्द्रेणी कृषक समुह पशुपालन र विक्रि गर्ने उद्देश्यले दर्ता भएको समुहसँग विगतमा कष्टम हायरिङ अन्तर्गतका कृषि औजारको

विवरण पेश नभएको, घर जग्गा व्यवस्था नभएको भाडाको दर २० प्रतिशत घटी हुने गरी दररेट तुलना पेश नभएको, टेक्टर र उपकरण विक्रेतालाई संस्थाले व्यहोर्नुपर्ने बाँकी रकम बुझाएको प्रमाण समावेश नभएकोले कार्यक्रम स्वीकृत नर्म्स र आधारमा संचालन गरी खर्च गरिएको मान्ने आधार देखिएन रु. 1017500/- भनि रु.१,०१७,५००बेरुजु उल्लेख भएको छ ।

ट्याक्टर र कृषि औजार खरिद बापत लाग्ने रकम रु. १०,१७,५००।०० मध्ये कुवेर एण्ड सन्स ट्रेड लिंलाई रु. २,९२,५००।०० र प्रथिभरा सप्लायर्स एण्ड ट्रेडर्सलाई रु. ७,२५,०००।०० भुक्तानी गरेको भनि प्रमाणित पत्र नै उपलब्ध गराएको हुँदा सोको आधारमा बेरुजु सम्परीक्षणका लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(२३) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ६३.२ मा समितिको कामको स्थितिः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको काम आफै गर्नुपर्ने कुनै निर्माण व्यवसायी वा सब- कन्ट्रयाक्टरबाट गराउन नपाउने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिसँग सम्झौता गरी गराएका विभिन्न निर्मण कार्यहरु उपभोक्ता समितिले मालसामान खरिदको विल भरपाई सहित पेश गरेको भएतापनि विल विजकमा खरिदको परिमाण नखुलेको, दर उल्लेख नभएको एकमुष्ठ निर्माण सामाग्रीको नाम उल्लेख गरी निर्माण व्यवासायीको विजकबाट खरिद गरेको आधारमा उपभोक्ता समितिले काम गरेको नापजाँच गरी भुक्तानी गर्ने गरेको समितिले निर्माण व्यवसायीलाई जिम्मा दिई भुक्तानी गरेको व्यहोरा आ.ले.प. प्रतिवेदनमा उल्लेख भएकोमा सो को व्यहोरा नियमित गरी पेश गरेको छैन । यो वर्ष एकमुष्ठ कामको विल पेश भएको आधारमा उपभोक्ता समितिलाई भुक्तानी गरेको विवरण निम्नानुसार छभनि रु.१,४९४,१४२बेरुजु उल्लेख भएको छ ।

उपभोक्ता समितिबाट संचालन गरिने आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिले नै कार्य गरी सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिइने हों । तर कतिपय अवस्थामा बाटो मर्मत, सडक निर्माणका लागि ग्राभेल खरिद सम्बन्धित निर्माण व्यवसायीहरुबाट खरिद गरि उक्त खरिद बापतको बिल भरपाई पेश भएको हुँदा सो बिल भरपाईको आधारमा उपभोक्ता समितिलाई भुक्तानी गरिएको हो । उपभोक्ता समितिले अन्य निर्माण व्यवसायी वा सव कन्ट्याक्टरलाई उपलब्ध नगराई उपभोक्ता समितिले आफै गरेकोले बिलमा एकमुष्ठ निर्माण सामाग्रीको नाम उल्लेख गरी निर्माण व्यवसायीको बिजबाट खरिद गरको आधारमा मात्र निर्माण व्यवसायीलाई जिम्मा दिएको भनि भन्न सकिने अवस्था नभएकोले नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(२४) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ६५ मा व्यवसाय प्रवर्द्धन घुम्ती कोषपालिकाले व्यवसाय प्रवर्द्धन घुम्ती कोष सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गरि व्यवसाय प्रवर्द्धन घुम्ती कोष सञ्चालक समितिको ०७७।१२।२५ को निर्णय अनुसार २१ वटा कृषक फर्म तथा उद्योगहरुलाई कार्यक्रम सञ्चालन गर्न छनौट गरेको पाइयो। पालिकाले उक्त छनौट भएका कृषि फर्म तथा उद्योगहरुलाई तरकारी खेती, च्याउ खेती, कागती खेती, मौरीपालन लगायतका व्यवसाय प्रवर्द्धन गर्न १० प्रतिशतका दरले ब्याजमा रु. ५००००/- देखि रु.१५००००/- सम्म बिउपुँजी लगानी सशर्त | सहित देहायका ७ वटा सहकारी समुह मार्फत उपलब्ध गराउने निर्णय गरी सहकारीहरुलाई कुल रु.१९०००००/- निकासा गरेको छ। यसरी निकासा भएको रकमबाट छनौट भएका कृषक समुहहरुलाई ऋण लगानी गरेको प्रमाण कागजात लेखापरीक्षणको क्रममा पेशहुन आएन। पालिकाले लगानी गरेको रकम तोकिएको प्रयोजनमा भए नभएको प्रमाण पेश गर्नु पर्ने र तोकिएको प्रयोजनमा खर्च नभएमा फिर्ता गर्नुपर्ने भनि रु.१,९००,०००बेरुजु उल्लेख भएको छ।

गाउँपालिकाले व्यवसाय प्रवर्द्धन घुम्ती कोष पालिकाले व्यवसाय प्रवर्द्धन घुम्ती कोष सञ्चालन कार्यविधि, २०७६बमोजिम २१ वटा कृषक फर्म तथा उद्योगहरुलाई सहकारी संस्था मार्फत ऋण प्रदान गरिएको हो। उक्त ऋणहरु सहकारी संस्थाहरु मार्फत फिर्ता भई गाउँपालिकाको विविध खातामा आम्दानी भइसकेको हुँदा नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो।

(२५) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ६६ मा शिक्षा क्षेत्र व्यवस्थापन खर्चपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुको व्यवस्थापन खर्च, शिक्षकहरुको तलब भत्ता, विद्यालय कर्मचारीहरुको तथा बाल कक्षा शिक्षकहरुको तलब भत्ता लगायतका खर्च संघीय सरकारबाट हस्तान्तरित शर्शत कार्यक्रम मार्फत तोकिएको रकम अनुदान स्वरुप निरन्तर निकाशा भई रहेको अवस्था छ। त्यस अतिरिक्त पालिकाले समानिकरण अनुदान समेत समावेश गाउँपालिका चालु खर्च शिर्षकबाट निम्न विवरण अनुसार विद्यालय कर्मचारी तथा बाल कक्षा शिक्षकहरुको प्रोत्साहन बापत रु. १४८८०००/-, शिक्षक व्यवस्थापन अनुदान रकम बापत रु. ३६९६०००/-, मदन आश्रित स्मृति बहुमुखी क्याम्पसलाई शिक्षक व्यवस्थापन गर्न रु. ४६१५३२/- समेत कुल रु.५६४५५३२/- विद्यालयहरुलाई निकासा दिएको देखियो। यसरी राजस्व बाँडफाँड तथा समानिकरण अनुदान बापत प्राप्त रकम वितरणमुखी कार्यक्रम तथा चालु खर्च गर्नु परेपछि पुँजिगत प्रकृतिका योजना सञ्चालनमा बढोत्तरी हुन नसक्नु स्वभाविक हुन जान्छ। शर्शत कार्यक्रम अन्तर्गत निकासा हुने रकमहरु सँग दोहोरो हुने गरी खर्च गर्दा पालिकालाई थप व्ययभार पर्न गएको भनि रु.५,६४५,५३२बेरुजु उल्लेख भएको छ।

सामुदायिक विद्यालयहरुको विद्यालय कर्मचारी र बालकक्षा शिक्षकहरुलाई तत्कालिन अवस्थामा नेपाल सरकारबाट न्यून पारिश्रमिक उपलब्ध गराईरहेकोमा विद्यालय कर्मचारी र बालकक्षा

शिक्षककहरुलाई प्रोत्साहन गर्नका लागि गाउँपालिकाले प्रोत्साहन स्वरुप खर्च गरेको हो । जुन विषय त्यस वर्ष पछिको बजेटमा विद्यालय कर्मचारी र बालकक्षा शिक्षकलाई थप व्ययभार हुने गरी नेपाल सरकारले गाउँपालिकाबाट थप रकम व्यवस्थापन गर्ने भनि निर्णय भएको पाइन्छ । जसले गर्दा न्यून पारिश्रमिक भएका कर्मचारी र शिक्षककहरुलाई थप पारिश्रमिक व्यवस्था हुनु न्याय पुर्ण निर्णय भएको मान्न सकिन्छ । त्यसै गरी विद्यालयहरुमा शिक्षक व्यवस्थापन र मदन आश्रित स्मृति बहुमुखी क्याम्पसलाई शिक्षक व्यवस्थापन शिर्षकबाट गाउँपालिकाले बजेट विनियोजन गर्दै आईरहेको छ । विशेषत: विद्यालयहरुमा विद्यार्थी संख्या वृद्धि भएको र कतिपय विद्यालयहरुमा विद्यार्थी संख्या कम भएपनि कक्षा बढी भएको कारण शिक्षक अभाव भएको कारण र मदन आश्रित बहुमुखी क्याम्पस गाउँपालिका क्षेत्रमा संचालित एक मात्र क्याम्पस भएको, क्याम्पसलाई दिगो र स्थिर अवस्थामा संचालन गर्नका लागि आर्थिक श्रोतको न्यूनताका कारण आर्थिक सहयोग गर्नु अति आवश्यक देखिएको हुँदा विद्यालयहरुलाई र क्याम्पसलाई शिक्षक व्यवस्थापन शिर्षकमा बजेट विनियोजन गरिएको विषय समय सापेक्ष र आवश्यक देखिएको छ । विद्यालयहरुको शिक्षकको तलब सुविधा नेपाल सरकारको दायित्व भनिएतापनि आवश्यकता अनुसार दरबन्दी सृजना नेपाल सरकारबाट तत्कालै हुने अवस्था समेत नभएकोले व्यवस्थापन गरिएको हो । तसर्थ अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित बेरुजु नियमानुसार सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(२६) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ६७ मा निशुल्क छात्रवृत्ति वितरणकमल गाउँपालिका अन्तर्गतका प्राविधिक धार सञ्चालन हुने विद्यालयहरु महेन्द्र रत्न मा. वि. र सरस्वती मा.वि. मा अध्यनरत कमल गाउँपालिका भित्रका विद्यार्थीहरु क्रमशः २७ जना र २९ जनालाई जनही रु. ८९२८/- का दरले कुल रु.४९९९६८/- पालिकाले यस वर्ष छात्रवृत्ति बापत खर्च गरेको छ । यसरी उपलब्ध गराएको छात्रवृत्ति रकमको समुचित उपयोग भए नभएको सम्बन्धी पालिकाले अनुगमन गरेको पाइएन । उपलब्ध गराएको छात्रवृत्ति रकमबाट प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक सुधारको प्रगति तथा मुल्याङ्कन सम्बन्धी पालिकाले कुनै मापदण्ड बनाएको पाइएन । प्रत्येक वर्ष यस प्रकृतिका वितरणमुखी कार्यक्रममा बजेट विनियोजन गरी खर्च गरेकोमा पालिकाले उक्त खर्चको उपलब्धीता तथा प्रभावकारीता सम्बन्धी कुनै अध्ययन वा अनुगमन भए गरेको पाइएन । पालिकाको आन्तरिक आय न्यून भएको अवस्थामा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने र यसरी उपलब्ध गराएको रकमले विद्यार्थीहरुको शैक्षिक सुधारको अवस्थाको अनुगमन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ । साथै उक्त रकम विद्यालय खातामा निकासा भएकोमा सरस्वती मा.वि. मा अध्ययनरत विद्यार्थीहरुलाई वितरण भएको प्रमाण लेखापरीक्षणमा पेश हुन आएन । तसर्थ विद्यालयलाई निकासा भएको रकम सम्बन्धित विद्यार्थीले बुझेको प्रमाण पेश हुनुपर्नेभनि रु.२५८,९१२बेरुजु उल्लेख भएको छ।

प्राविधिक धार सञ्चालन हुने विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई उपलब्ध गराइएको छात्रवृत्ति मध्ये सरस्वती मा.वि. मा अध्ययनरत २९ जना विद्यार्थीहरुलाई वितरण गरिएको प्रमाणको रुपमा भरपाईहरु पेश भएको हुँदा नियमानुसार बेरुजु सम्परिक्षणको लागि सिफारिस गर्ने भनि निर्णय गरियो ।

(२७) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ६८ मा खर्चको पुष्ट्याईआर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा सरकारी रकम खर्च गर्दा सो खर्च सँग सम्बन्धित विल भरपाई प्राप्त भएनभएको, भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। साथै कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । गाउँपालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो। तसर्थ सो को प्रमाण पेश हुनुपर्ने भनि रु.९८५,२७४बेरुजु उल्लेख भएको छ।

| गो.भौ.र मिति | खर्चको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ६६८।०७८।३।२५ | सोइल ल्याब टेस्ट रिएजेन्ट ५ सेट खरिद | २८७५०० | १ सेट मात्र जिन्सीमा दाखिला भएको |
| ६७७ ०७८\|३\|२६ | ४० सेट रेनकोट तथा ब्याग खरिद | १९८००० | वितरण भरपाई संलग्न नरहेको |
| ६९५।०७८।३।२७ | व्हिल चेयर ५, इयरफोन ७, वैशाखी २, लगायतका सामग्री खरिद | | वितरण भरपाई संलग्न नरहेको |
| ५३९।०७८\|३\|२ | ६९८ पिस स्वेटर खरिद | | वितरण भरपाई संलग्न नरहेको |
| ७०१।०७८।३।२८ | अंग्रेजीमाध्यमको किताब १०३६ सेट खरिद | ४९९७७४ | वितरण भरपाई संलग्न नरहेको |
| | जम्मा | ९८५२७२ | |

गाउँपालिकाको कार्यालयदे माथि उल्लेखित स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजातको रुपमा भरपाई र जिन्सी दाखिला पेश भएको हुँदा नियमानुसार बेरुजु फछ्र्यौटका लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(२८) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ६८ मा विपद व्यवस्थापनबाट खर्च अन्य निकायलाई सहयोगः पालिकाले विपद व्यवस्थापन कोषबाट सिन्धुपाल्चोक जिल्लाको मेलम्ची र हेलम्बु गाउँपालिकाका बाढी पिडितहरुको सहयोगार्थ प्रति गाउँपालिका रु.100000/- का दरले कार्यपालिकाको निर्णयको आधारमा नगद सहायता भुक्तानी पठाएको पाइयो। विपद कोषबाट रकम खर्च गरिएको मध्ये मेलम्ची | गाउँपालिकाले २०७८।४।८ मा रकम प्राप्तिको जानकारी दिएको भएतापनि हेलम्बु गाउँपालिकाको रकम प्राप्तिको विवरण पेश भएन। गाउँ सभाबाट पारित २०७७।७८ को विनियोजन बजेटमा सहायता सम्बन्धी रकम व्यवस्था नभएकोमा उक्त खर्चलाई पछिल्लो गाउँसभाबाट अनुमोदन गरेको नपाइएको रु.200000/- भनि रु.२००,०००बेरुजु उल्लेख भएको छ।

मेलम्ची गाउँपालिका र हेलम्बुगाउँपालिकालाई विपद् व्यवस्थापन कोषबाट बाढी पिडितहरुको सहयोगार्थ रकम उपलव्ध गराईएको हो । कमल गाउँपालिकाले दुवै गाउँपालिकाको विपद् व्यवस्थापन कोषको खातामा रकम जम्मा गरेको हो । विपद् व्यवस्थापन कोषको खातामा जम्मा गरेको प्रमाणित बैंक भौचर भएपछि त्यसमा शंका कायम गर्नु न्यायोचित होइन । तसर्थ बैंक खातामा जम्मा गरेको भौचरको आधारमा बेरुजु सम्परीक्षण हुन सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(२९) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ७०.१ मा परामर्श सेवा खरिदः सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले विपद व्यवस्थापन सम्बन्धी योजना तयार गर्ने कार्य परामर्श सेवा गर्ने २०७८।१।१९ मा कार्यक्षेत्र प्रस्ताव स्वीकृत गरी २ महिना भित्र प्रतिवेदन पेश गर्ने RFPमार्फत सम्झौता गरी इन्टेन्टसिभ स्टडी एण्ड रिसर्च प्रा.लि.बाट कार्य गराई रु.483922/- खर्च गरेको पाइयो । पालिकाको विपद व्यवस्थापन सम्बन्धीको वार्षीक योजना तयारी गर्ने कार्य बाह्य परामर्शदाताबाट गराई खर्च गर्नाले खरिद नियमावली २०६४ को व्यवस्था र विपद व्यवस्थापन ऐन अनुकुन भएको मान्ने आधार देखिएन । कार्यालयले तयार गरी संचालन गर्ने योजना सम्बन्धी काममा बाह्य परामर्शदाताबाट गराई भुक्तानी गरेको अनियमित खर्च रु.483922/- भनि रु.४८३,९२२बेरुजु उल्लेख भएको छ ।

विपद् व्यवस्थापन सम्बन्धी योजना गाउँपालिकाको आवश्यकता अनुसार निर्माण गरिएको हो । योजना निर्माण गर्नका लागि गाउँपालिकासंग विज्ञ कर्मचारीहरुको अभाव र गाउँपालिकाको कार्यालयको नियमित कार्य भन्दा बाहिर रही योजना निर्माण कार्य गर्न समय अभाव हुने गर्दछ । तसर्थ यस्ता कार्यहरुको लागि बाह्य परामर्शदाताहरुको सहयोग लिनु अनिवार्य हुन जान्छ । गाउँपालिकाले बाह्य परामर्शदाताको आवश्यकता महसुस गरेर नै विपद् योजना निर्माण गरेको हुँदा यसलाई अन्यथा भन्न सक्ने अवस्था नभएकोले प्रतिवेदनमा उल्लेखित बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(३०) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ७०.२ मा बेरुजु रकम परामर्श सेवा खरिदः सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न १,६४५,४१५ सकिने व्यवस्था भएतापनि कार्यालयले परामर्शसेवा खरिद गर्नुअघि उक्त कार्य जनशक्तिबाट हुन सक्ने नसक्ने निर्णय गरेको पाइएन । यो वर्ष ९ वटा विभिन्न कार्यको लागि परामर्श सेवाबाट खरिद कार्य गरी रु.७९२७२३०/- खर्च गरको पाइयो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्शसेवाको लागत अनुमान तयार गर्ने व्यवस्था गरिएकोमा कार्यालयले यो खरिद कार्यको लागत अनुमान तयार गरी स्वीकृत गर्दा विज्ञहरुको पारिश्रमिकको आधार तथा अन्य खर्च समावेश गर्दा सोही प्रकृतिका काममा अघिल्ला वर्षहरुमा लागेको वास्तविक लागतको आधारबाट गरेको पाइएन । कृषि गुरुयोजना सम्बन्धी परामर्श सेवाको कार्यमा

रु.९९४००/- **खर्च गरेकोमा कृषि विज्ञहरुको** पारिश्रमिक तथा गाउँपालिकाको जग्गा उपयोग सम्बन्धि प्रतिवेदन तयार कार्य परामर्शसेवाबाट **गराई रु.१४९७५१५/- खर्च** गरेकोमा उक्त दुवै लागत अनुमानमा विज्ञहरुको पारिश्रमिक र अन्य सहायकहरुको पारिश्रमिकको आधार समेत यथार्थ रुपमा लिएको पाइएन। परामर्श सेवाको लागत अनुमान तयार गरी खर्च गर्दा तोकिएको आधारबाट मात्र गर्नुपर्दछ । मंगलबारे हाट बजारको डि.पि.आर. गर्ने कार्यको रामकृष्ण कन्सल्टेन्टबाट कार्य गराउने सम्झौता गरी रु.१४७६००/- भुक्तानी गरेकोमा उक्त परामर्शदाताले कामको फाइनल रिपोर्ट पेश नगरी भुक्तानी गरेकोले सोको फाइनल रिपोर्ट पेश हुनुपर्ने रु.१४७६००/-

गा.पा.को जग्गा उपयोग सम्बन्धी अध्ययन गर्ने परामर्शदातासँग २०७८।२।३० मा सम्झौता गरी ६० कार्य दिन तोकिएकोमा उक्त कामको ड्राफ्ट रिपोर्ट पेश गरेको कार्यालयले प्रतिकृया दिई फाइनल रिपोर्ट पेश नभएको रु.१४९७८१५/-भनि रु.१,६४५,४१५बेरुजु उल्लेख भएको छ।

गाउँपालिकाले मंगलबारे हाट बजारको डि.पि.आर. र जग्गा उपयोग योजना गाउँपालिकाको आवश्यकता अनुसार बाह्य परामर्शदाताहरुबाट अध्ययन गराई योजना निर्माण गरिएको हो । मंगलबारे हाट बजारको डि.पि.आर. र जग्गा उपयोग योजना दुवैको फाइनल रिर्पोट प्राप्त भइसकेको हुँदा उक्त बेरुजु सम्परीक्षणको लागि सिंफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(३१) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ७३.२ मा भेरिएसनः सार्वजनिक खरिद नियमावलीको नियम ११८ मा भेरिएसन सम्बन्धी व्यवस्था छ । कार्यालय अन्तर्गतको ढ्याङ्ग्री खोला पक्की पुल निर्माण कार्य गर्न ठे.नं. 8/2075/76 बाट रु.29414110/- मा सम्झौता भई चालु रहेको १५ महिना अवधिको ठेक्काको पटक पटक कार्यपालिकाबाट म्याद थप गरी २०७८।३।१५ मा अन्तिम विल तयार गरेको पाइयो । पूल निर्माण कार्यको २०७७।३।५ मा कार्यपालिकाबाट निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतले १४.७९प्रतिशत भेरिएसन स्वीकृत गरी सम्झौता रु.33763866/- पुर्याएकोमा यो वर्ष कामको फाइनल सम्म रु.31898558/- मात्र कार्य गराई ठेक्का फाइनल गरेको छ। सो पुल निर्माण कार्यको शुरु लागत अनुमान र संशोधित लागत अनुमानको फाइल पेश भएन। भेरिएसन गर्न प्रस्तावमा पूलको डिजायन गर्ने परामर्शदातालाई २०७६।११।२१ मा पत्र पठाई परामर्शदाताले पेश गरेको DPRतथा डिजायनमा केही आइटम छुटाएको र निर्माण व्यवसायीले सो क्वान्टिटिको भुक्तानी माग गरेकोले DPRतयार गर्दा के कसरी उक्त आइटम छुट भएको हो ७ दिन भित्र स्पष्टिकरण पेश गर्न पत्राचार गरेको देखियो। शुरु BOQ मा रहेको डण्डीको परिमाण र भेरिएसनबाट थप भएको परिमाण तथा फाइनल सम्मको भुक्तानी परिमाण निम्नानुसार छ।

| | वि.ओ. क्यू. | भेरिएसनबाट | फाइनल |
|---|---|---|---|
| फाउण्डेशनतर्फ | 73.37 मे.टन | 65.55 | 58.12 |
| सुपरस्ट्रक्चरतर्फ. | 15.78 मे.टन | 15.78 | 18.59 |

शुरु खरिद सम्झौतामा भेरिएसनबाट थप गरिएकोमा बाँकी रु.1865308/- बराबरको काम नगराई ठेक्का फाइनल गर्नु अघि खरिद सम्झौताको पुन भेरिएसन स्वीकृती वेगर भुक्तानी गरी फाइनल गरेकोले परामर्शदाताले पुलको डिजायन र डण्डीको क्वान्टिटिमा पुन यकिन गरे नगरेको र संशोधित डिजायन अनुसार नै काम गराई फाइनल गरे नगरेको यकिन गर्न नसकिएको अनियमित रु. 1865308/- भनि रु.१,८६५,३०८बेरुजु उल्लेख भएको छ ।

ढ्यांग्री खोला पक्की पुल निर्मण कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृतले १४.७९ प्रतिशत भेरिएसन स्वीकृत गरेकोमा उक्त भेरिएसन स्वीकृतिलाई अनुमोदन गर्नका लागि गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने साथै संशोधित डिजाइन अनुसार कतिपय कार्यहरु गर्न नसकिने भएकोले उक्त कार्यहरु नगराई भुक्तानी गरिएको र दोश्रो पटक गरिएको भेरिएसन पेश भएकोमा उक्त भेरिएसनलाई अनुमोदनका लागि गाउँ कार्यपालिकाको बैठकमा पेश गरी नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(३२) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ७४.२ मा स्रोत सुनिस्चिता बेगर को लगानी स्थिती: सार्बजनिक खरिद नियमावलि २०६४ को नियम ६ (५) मा एक वर्ष भन्दा बढी सम्म संचालन हुने योजनामा खरिद कार्य गर्दा आबश्यक पर्ने बजेटको सुनिश्चितता गरेर मात्र खरिदको कारवाही सुरु गर्नुपर्ने व्यवस्था छ । खोलामा निर्माण गरिने पुल निर्माण कार्य स्वीकृत डिजाइनको आधारमा फाउण्डेसन देखिको स्टाण्डर्ड स्पेसीफिकेसन अनुसार कामको गुणस्तर नियन्त्रण समेत गर्नु पर्ने व्यबस्था छ । कार्यलयले ढ्याङ्ग्र खोला पुल ढकालगाउँमा आ.सि.सि पुल निर्माण गर्ने कार्यको जुन २०१९ मा परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिदिन तयार गरी उक्त पुलको लागत रु.५१०१८३७६/- हुने गरी डिजाइन समेत स्वीकृत गरेको छ । पुल निर्माणको लागि स्रोतको सुनिश्चिता बेगर २०७६/७७ मा उक्त खोलामा पुल निर्माण गर्ने कार्यको बिल अफ क्वान्टिटी र लागत अनुमान एकमुष्ट स्विकृती नगरि बित्तिय हस्तान्तरण अन्तर्गत प्राप्त रकमबाट ८ वटा पाइल फाउण्डेसन मात्रको कार्य गर्न बोलपत्र आह्वान गरी रु.३४२१७१०/- लगानी गरेको छ। यो वर्ष योजनाको नाममा रु.40लाख प्राप्त भएको उल्लेख गरी सोही स्थानमा थप ८ वटा पाइल फाउन्डेसनको कार्य गर्न रु.3543627/- को मात्र लागत अनुमान स्वीकृत गरी ठेक्कापट्टाबाट कार्य गराई रु.3530788/- भुक्तानी गरेको पाइयो ।

पूल निर्माण सम्बन्धी कार्य गराउदा फाउण्डेशन देखि स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन अनुसार गुणस्तर कायम गराउदै कार्य गराउनुपर्नेमा पाइल फाउण्डेसनमा प्रयोग गरिएका डण्डीको परीक्षण नभएको, पाइल फाउण्डेशन कार्य फरक फरक निर्माण व्यवसायीबाट गराउदै भुक्तानी गरेको पाइल फाउण्डेशनको इन्टिग्रीटी लोडटेष्टको कार्य गराएको उल्लेख गरी निर्माण व्यवसायी अटलान्टिक विल्डर्सलाई रकम भुक्तानी गरेकोमा उक्त विल्डर्सले अल्ट्रा टेक विल्डर्सबाट टेष्टको कार्य गरेको प्रतिवेदनमा एबुट्मेन्ट फाउण्डेसन उल्लेख गरेको, कामको फोटोग्राफी समावेश नगरेको, सोही स्थानमा पालिका तर्फको बजेटबाट पुन रु. 374800/- तटबन्द निर्माण कार्य उपभोक्ता समितिबाट गराई भुक्तानी गरेको समेत देखियो । पुल निर्माण गर्ने श्रोत सुनिश्चित नभै जमिनमूनीबाट संरचना तयार गर्नुपर्ने कार्यमा फरक फरक निर्माण व्यवसायीबाट कार्य गरादै खर्च गर्नाले पुलको बाँकी काम गर्नुपर्ने अवस्थामा उक्त संरचनांहरुको गुणस्तरको जिम्मेवारी समेत अनिश्चित देखियो । सार्वजनिक खरिद नियमावलीको व्यवस्था विपरित पूल निर्माण कार्यमा लापरवाही ढंगबाट ठेक्कापट्टा गराई भुक्तानी गर्ने कार्यमा संलग्नलाई जिम्मेवार बनाइनुपर्दछ । पूल निर्माण हुने श्रोत सुनिश्चितता वेगर गरिएको अनियमित खर्च रु.7327298/- भनि रु.७,३२७,२९८बेरुजु उल्लेख भएको छ ।

ढकाल गाउँको ह्यांग्री खोलामा पुल निर्माण कार्यको लागि तराई मधेश समृद्धि कार्यक्रम अर्न्तगत पहिलो वर्ष रु. ८० लाख बजेट विनियोजन भएकोमा उक्त वर्ष ४० लाख बराबरको कार्य गरी ठेक्का तोडिएको र दोश्रो पटक रु. ४० लाख बजेट विनियोजन भई ३५,४३,६२७।०० को लागत अनुमान स्वीकृत गरी ठेक्काबाट रु. ३५,३०,७८८।०० रकम भुक्तानी गरीएको हो । बाकी रकम मध्ये रु. ३,७४,८००।०० बाट निर्माण भईरहेको संरचनाको लागि तटबन्ध निर्माण कार्य कार्यपालिकाको बैठकबाट निर्णय भई उपभोक्ता समितिबाट गरिएको हुँदा नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(३३) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ७५.१ मा ठेक्कामा आइटमको छुट्टै खरिदः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको वखत पूर्वानुमान नगरको परिस्थिति सृजना भएमा ऐनको दफा ५४ मा तोकिएका अधिकारीले भेरिएसन जारी गर्न सक्ने व्यवस्था छ । कार्यालयले महेन्द्ररत्न मा.वि. भवन निर्माण कार्यको ठेक्का आइटममा १५९ थान डेक्सवेन्च समेत समावेश गरी सम्झौता गरेको र दोश्रो रनिङ विल सम्म प्रति सेट रु.5000/- का दरले रु.795000/- भुक्तानी गरेको छ । सोही विद्यालयमा यस वर्ष थप डेस्कवेन्च खरिदको लागि दरभाउपत्रबाट ७२ थान डेक्स वेन्चमा खरिदको कार्य प्रविण निर्माण सेवाबाट प्रति सेट रु. 6893/- का दरबाट खरिद गरी भुक्तानी गर्नाले रु.136296/- थप व्ययभार परेको अनियमित खर्च रु.136296/- भनि रु.१३६,२९६बेरुजु उल्लेख भएको छ ।

गाउँपालिकाले महेन्द्ररत्न मा.वि. भवन निर्माण कार्यका लागि रु. २ करोड ५० लाख बजेट प्राप्त भएकोमा उक्त रकमबाट पटक पटक गरी बाकी रहेको रकमबाट ३ पटकसम्म ठेक्का आव्हान गरी निर्माण कार्य गराइएकोमा अन्त्यमा सोही विद्यालयको माग र सिफारिस बमोजिम थप डेक्सबेन्च

खरिदको लागि कोटेशन माग गरी डेक्सबेन्च खरिद गरिएको हो । ठेक्काबाट थप डेक्सबेन्च उपलब्ध गराउन सक्ने अवस्था नभएकोले कोटेशन मार्फत खरिद गर्दा लागत बढी हुन गएको हो । खरिद दररेट ठेक्काको दररेट भन्दा बढी भएतापनि लागत अनुमान भन्दा बढी नभएको र लागत अनुमानको सीमा नाघेर खरिद नगरिएको हुँदा उक्त खरिद प्रक्रियालाई अनुमोदन गरी नियमानुसार बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

(३४) आ.ब. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको बुदा नं. ७५.३ मा बहुवर्षीय योजनाः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४(२) मा गाउँपालिकाले योजना बनाउदा नेपाल सरकार प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य र प्रकृयासँग अनुकुल हुने गरी योजना आर्क विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने हुनुपर्ने गरी तोकिदिएको छ । पालिकालाई प्राप्त संघीय शर्शत पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत प्राप्त रकम रु. 1000000/- बाट पुष्पधिर घिमिरे स्मृती प्रतिष्ठानमा चिल्ड्रेन पार्क निर्माण कार्य गराई पुरै रकम खर्च गरेको पाइयो । उक्त प्रतिष्ठानको संचालन र स्वामीत्व गाउँपालिकालाई हस्तान्तरण नभएको र सार्वजनिक रुपमा प्रयोग गर्ने गरी व्यवस्था नै नगरी निश्चित संस्थाको जग्गामा शर्शत अनुदान तर्फको रकमबाट चिल्ड्रेन पार्क निर्माण गरी खर्च गर्नाले ऐनको व्यवस्थाको पालना भएको नदेखिएकोले अनियमित खर्च रु.1000000/- भनि रु.१,०००,०००बेरुजु उल्लेख भएको छ ।

नेपाल सरकारको सशर्त बजेट अर्न्तगत पर्यटन पूर्वाधार विकास आयोजना अर्न्तगत पुष्पधिर घिमिरे स्मृति प्रतिष्ठानमा चिल्ड्रेन पार्क निर्माण कार्यको लागि बजेट प्राप्त भएको अवस्था गाउँपालिकाले अन्यत्र पार्क निर्माण कार्य गर्न सक्ने अवस्था रहदैन । साथै प्रतिष्ठानको नामम नै चिल्ड्रेन पार्क निर्माण गरिएकोमा उक्त प्रतिष्ठानको जग्गाको स्वमित्व गाउँपालिकालाई हस्तान्तरण गर्न कति सान्दर्भिक हुन्छ र प्रतिष्ठान सामाजिक संस्था भएको कारणले त्यसको प्रयोग सार्वजनिक रुपमा नभई निजी रुपमा प्रयोग हुन्छ भनि शंका गर्ने अवस्थामा समेत रहदैन । तसर्थ लेखापरीक्षणमा पार्क निर्माण गर्दा उल्लेख गरिएको बेरुजु सम्परीक्षणको लागि सिफारिस गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : कार्यक्रम/आयोजना संशोधनसम्बन्धमा ।**

**निर्णय** : यस गाउँपालिकाको चालु आ.ब. २०७९/८० को लागि एघारौं गाउँसभाको अधिवेशनबाट पारित बजेट बमोजिमका कार्यक्रम/आयोजनाहरु तपसिल बमोजिम संशोधन गर्नको लागि गाउँपालिकाको गाउँसभाको १२ औं अधिवेशनमा पेश गर्ने भनि गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भई सिफारिस भएको हुँदा सोही बमोजिम कार्यक्रम/आयोजना संशोधन भनि सर्वसम्मत निर्णय गरियो ।

## गाउँपालिका स्तरीय कार्यक्रम/आयोजना

| साविक कार्यक्रम/आयोजना | रकम | संशोधित कार्यक्रम/आयोजना | रकम |
|---|---|---|---|
| लखनपुर रेडक्स भवन निर्माण तथा सामाग्री खरिद | २०००००० | लखनपुर रेडकस भवन निर्माण | १०००००० |
| | | लखनपुर रेडकसका लागि आवश्यक सामाग्री खरिद | १०००००० |
| मुसहर, सन्थाल, झाँगर र मिस्त्री जातीका प्राविधिक धार अध्ययन गर्ने (अ.स.ई. भेटनरी र कृषि प्राविधिक) (१८ महिने) विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति | ७२०००० | सामुदायिक विद्यालयका प्र.अ., व्यवस्थापन समितिका अध्यक्षहरुको नमुना विद्यालय अवलोकन कार्यक्रम | १००००० |
| | | मुसहर, सन्थाल, झाँगर र मिस्त्री जातीका प्राविधिक धार अध्ययन गर्ने ( अ.स.ई. भेटनरी र कृषि प्राविधिक) ( १८ महिने) विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति | ६२०००० |

## स्वास्थ्य विकास कार्यक्रम

| साविक कार्यक्रम/आयोजना | रकम | संशोधित कार्यक्रम/आयोजना | रकम |
|---|---|---|---|
| सिभिल हेल्थ अर्गनाइजेशनको साझेदारीमा सामुदायिक विद्यालयमा आधारित विद्यालय स्वस्थ्य कार्यक्रम | १०००००० | कमल नगर अस्पताल संचालन तथा व्यवस्थापन | ११५१५०० |
| विपन्न नागरिकहरुका लागि प्राथमिक उपचार सेवा कार्यक्रम ( ड्रेसिङ्ग) | १५१५०० | | |
| नेपाल सरकारले निःशुल्क रुपमा वितरण गर्न सूचीकृत गरेको अत्यावश्यक औषधीहरु खरिद | १५००००० | कमल नगर अस्पताल संचालन तथा व्यवस्थापन | ५००००० |
| | | स्वास्थ्य बीमा कार्यक्रमको औषधी खरिद (बिउ पुजि) | ५००००० |
| | | नेपाल सरकारले निःशुल्क रुपमा वितरण गर्न सूचीकृत गरेको अत्यावश्यक औषधीहरु खरिद | ५००००० |

| | | | |
|---|---|---|---|
| खोप कार्यकर्ताहरुलाई प्रोत्साहन रकम (गत आ.ब. कै कार्यक्रमहरुलाई निरन्तरता दिन ( प्रति व्यक्ति वार्षिक रु. १५,०००।०० का दरले) | ६०००० | महिला स्वास्थ्य स्वयंसेविका दिर्घ सेवा सम्मान कार्यक्रम (अवकास हुने महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान) | ६०००० |

## कृषि विकास कार्यक्रम

| साविक कार्यक्रम/आयोजना | रकम | संशोधित कार्यक्रम/आयोजना | रकम |
|---|---|---|---|
| विषदी प्रयोग मुक्त सप्ताह र फेरोमेन ट्याप वितरण | २००००० | कृषक समूहहरुलाई साझेदारीमा तरकारी खेती (५०/५० साझेदारी) (प्रति समूह ५० हजार) | १०००००० |
| माटो परीक्षण रीएजेन्ट खरीद | ५००००० | | |
| कृषि मेला प्रदर्शनी | १५०००० | | |
| किसान धान दिवस | १५०००० | | |
| कृषी विज्ञबाट किसान कल सेन्टर सञ्चालन | १००००० | मौरी घार वितरण कार्यक्रम | १००००० |
| सिँचाई मोटर अनुदानमा वितरण | १५००००० | माछा भूरा खरिद तथा वितरण ( ७०/३० अनूदान) | ५००००० |
| | | सिँचाई मोटर अनुदानमा वितरण | १०००००० |

## पशु विकास कार्यक्रम

| साविक कार्यक्रम/आयोजना | रकम | संशोधित कार्यक्रम/आयोजना | रकम |
|---|---|---|---|
| गाइपालन ३ दिने तालिम | १००००० | एक घर एक पशु सुत्केरी स्याहार कार्यक्रम | ५००००० |
| बाखापालन ३ दिने तालिम | १००००० | | |
| बङ्गुरपालन ३ दिने तालिम | १००००० | | |
| कुखुरा पालन ३ दिने तालिम | १००००० | | |
| माछापालन ३ दिने तालिम | १००००० | | |
| ५० प्रतिशतमा कृत्रिम गर्भाधान | ११२५००० | एक घर एक पशु सुत्केरी स्याहार कार्यक्रम | ५००००० |
| | | ५० प्रतिशतमा कृत्रिम गर्भाधान | ६२५००० |

## गाउँपालिका स्तरीय चालु बजेटतर्फ

**संशोधन गरिने कार्यक्रमहरु :**

| क्र.सं. | श्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | मागमा आधारित प्रवर्द्धनात्मक कार्यक्रम | १४००००० | चालु |
| २ | मजदुरसंग सम्बन्धित विविध कार्यक्रम | २००००० | चालु |
| ३ | कर्मचारी तालिम खर्च | १००००० | |
| | जम्मा | १७००००० | |

**संशोधित कार्यक्रमहरु :**

| क्र.सं. | कार्यक्रम/आयोजना | रकम | कैफियत |
|---|---|---|---|
| १ | सामाजिक परीक्षण | ४००००० | |
| २ | लिम्बूनी फिल्मस प्रा.लि. सहयोग | २५००० | |
| ३ | मनोसामाजिक सहयोग सचेतना कार्यक्रम (पिस एण्ड मेडिया फोरोम नेपाल) २ स्थान | ८०००० | |
| ४ | सरस्वती माँ.वि., कमल ४ बालमैत्री फर्निचर | ५०००० | |
| ५ | रंगपुर बजारमा सडक बत्ति जडान (सरस्वती टोल विकास संस्था, लखनपुर ७) | १००००० | मासिक विद्युत खर्च संस्थाले व्यहोर्ने गरी |
| ६ | सामाग्री खरिद (सृजनशिल युवा क्लब, कमल २) | २०००० | |
| ७ | अवकास सूविधा (महेन्द्र रत्न मा.वि.का कर्मचारी तिलकराज खड्का) | १४०००० | |
| ८ | आदिबासी जनजाति महासंघ कमलको कार्यालयको घरभाडा | ३६००० | |
| ९ | सामूदायिक प्रा.वि.हरुका लागि कम्प्युटर खरिद तथा वितरण (सिंहदेवि आ.वि.लाई ४ वटा र पञ्चकन्या आ.वि. लाई १ वटा कम्प्युटर प्राथमिकता दिने) | ५००००० | |
| १० | विपन्न व्यक्तिहरुलाई ठेला वितरण | २५०००० | |
| ११ | विविध कार्यक्रम खर्च | ९९००० | |
| | जम्मा | १७००००० | |

पूजिगत बजेट तर्फ

**संशोधन गरिने कार्यक्रमहरु :**

| क्र.सं. | श्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | भवन निर्माण | ५०००००० | पुजिगत |
| २ | समपुरक कोष | १७००००० | पुजिगत |
| ३ | अन्य सडक तथा पुल निर्माण | ७५९१००० | पुजिगत |
| | जम्मा | १४२९१००० | |

**संशोधित कार्यक्रमहरु :**

| क्र.सं. | कार्यक्रम/आयोजना | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | जनसेवा तथा दैवीप्रकोप व्यवस्थापन समितिको भवनमा ट्रष्ट निर्माण, कमल ५ | ६ | ५००००० | |
| २ | समयगढ चौक दक्षिण हुदै विष्णु प्रसाद अधिकारीको घर देखि दक्षिण जाने सडक | २ | ३००००० | |
| ३ | शिवज्योति सिद्ध किरातेश्वर धाम कम्पाउण्ड वाल निर्माण, कमल ५ | ५ | ५००००० | |
| ४ | ज्योति मा.वि. शौचालय मर्मत | २ | १००००० | |
| ५ | जिवन चौक दक्षिण डम्बर गुरुङको घर पश्चिम गेउरिया जाने सडक/तटबन्ध निर्माण | ४ | ३००००० | |
| ६ | स्वास्थ्य चौकी र वडा कार्यालयको गेट रंगरोगन र साइन बोर्ड लेखन | ७ | ५०००० | |
| ७ | शहिद रत्न आ.वि. गेट र शौचालय मर्मत | ५ | १५०००० | |
| ८ | ढुकढुकी युवा क्लब शौचालय निर्माण | ६ | २००००० | |
| ९ | तिनपैनी पञ्चकन्या जीवन चौक सडक निर्माण | ६ | ५००००० | |
| १० | देविखोला होलिमा अधुरो स्ल्याब कल्भर्ट निर्माण | ३ | १०००००० | |
| ११ | पशुपति सामुदायिक भवन ट्रष्ट निर्माण | ७ | ५००००० | |
| १२ | वडा कार्यालयमा खानेपानी धारा जडान | ४ | १००००० | |
| १३ | श्री गणेश मन्दिर मर्मत र घेराबेरा | ५ | २००००० | |
| १४ | लखनपुर स्तरीय मूल कृषक समुह भवनमा ट्रष्ट र वाल निर्माण | ६ | ५००००० | |
| १५ | लक्ष्मी नारायण मन्दिर मर्मत | ६ | २००००० | |
| १६ | कमलनगर जेसिसको भवन निर्माण | ३ | १०००००० | |
| १७ | नवदुर्गा मन्दिर | २ | २००००० | |
| १८ | गुम्बा निर्माण (गुरुङ टोल) | ३ | २००००० | |

| | | | | |
|---|---|---|---|---|
| १९ | चन्द्रेश्वर मन्दिर, जीवनचौक | ६ | २५०००० | |
| २० | लक्ष्मीनारायण मन्दिर देखि मालेपूङको घरसम्म सडक निर्माण | ६ | १००००० | |
| २१ | लोकेन्द्र निरौलाको घरदेखि पश्चिम पदकको घर हुदै दिनेश घिमिरेको घरसम्मको सडक | ६ | २००००० | |
| २२ | सिद्धिमार्ग सडक | ५ | २५०००० | |
| २३ | सिद्धेश्वर गुरुकुल पाठशाला टष्ट निर्माण | ७ | ५००००० | |
| २४ | सृजना चौक देखि चन्द्र ब. जिमिको घर हुदै एकता चौक जाने सडक मर्मत | ७ | १४१००० | |
| २५ | सिम्ले चोलुङ टोलबमे तुम्रोक मार्गको होली कल्भर्टमा माटो पुर्ने कार्य | ५ | १००००० | |
| २६ | ट्रष्ट ब्रिज निर्माण, सानो केर्खा (मोहन धितालको घरछेउ) | ३ | ८००००० | |
| २७ | ट्रष्ट ब्रिज निर्माण, शुक्रबारेबाट रतनचौक जाने सडक | १ | १०००००० | |
| २८ | शितलडाडा देखि राधाकृष्ण मन्दिर सडक निर्माण (विमल काफ्लेको घरसम्म थप) | ५ | २००००० | |
| २९ | नरेन्द्र जनता मा.वि. मञ्चको छाना निर्माण | १ | २००००० | |
| ३० | मंगलबारे बजार ड्रेन निर्माण | ५ | ५००००० | |
| ३१ | दुर्गा मन्दिर मंगलबारे बजार | ५ | २००००० | |
| ३२ | स्माइल फन पार्क दूर्गा राईको घर छेउ कल्भर्ट मर्मत | ५ | २००००० | |
| ३३ | गणेश मन्दिर, मियाटोली | ७ | १५०००० | |
| ३४ | जमुना खतिवडाको घर अगाडी सडकको पश्चिम तर्फ रिटेनिङवाल निर्माण | ४ | १५००००० | |
| ३५ | वडा कार्यालय बालमैत्री घेराबारा | ६ | ५००००० | |
| ३६ | पञ्चकन्या आ.वि. गेट निर्माण | ६ | १००००० | |
| ३७ | समयगढ बजार पुराइ | २ | १००००० | |
| ३८ | नहरचौकबाट धाधर गाउं जाने बाटोमा कल्भर्ट निर्माण | १ | ५००००० | |
| ३९ | वडा कार्यालय परिसर व्लक निर्माण | ७ | ३००००० | |
| | जम्मा | | १४२९१००० | |

**प्रस्ताव नं. ५ : सटर भाडा सम्बन्धमा ।**

**निर्णय** : यस गाउँपालिकाको ६ नं. वडा कार्यालय अगाडीको सटर भाडालाई निम्नानुसार संशोधन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

| विवरण | साविकको दररेट | संशोधित दररेट |
|---|---|---|
| ६ नं. वडा कार्यालय अगाडीको सटर भाडा | १५००।०० | |
| ६ नं. वडा कार्यालय अगाडीको सटर भाडा (मुख्य गेटको दाँया बायाको पहिलो सटर) | | २५००।०० |
| ६ नं. वडा कार्यालय अगाडीको सटर भाडा (अन्य) | | २०००।०० |

**शिक्षा विकास कार्यक्रम**

| साविक कार्यक्रम/आयोजना | रकम | संशोधित कार्यक्रम/आयोजना | रकम |
|---|---|---|---|
| पाठ्यक्रमको लेखन तयारी, छपाई तथा बितरण | ५००००० | शिक्षक व्यवस्थापन अनुदान | ३००००० |
| | | पाठ्यक्रमको लेखन तयारी, छपाई तथा बितरण | २००००० |

**वडा नं. १ को वडास्तरीय कार्यक्रम/आयोजना**

| साविक कार्यक्रम/आयोजना | रकम | संशोधित कार्यक्रम/आयोजना | रकम |
|---|---|---|---|
| वडा युवा समिति व्यवस्थापन | १००००० | एक घर एक स्वास्थ्य विमा कार्यक्रममा ५० प्रतिशत अनुदान | १००००० |
| अपांगता समूह वडा नं. १ | १००००० | अपांगता समूह वडा नं. १ | ५०००० |
| ढ्यांग्री बालुवाडी टोल विकासमा सिलाई बनाई तालिम सञ्चालन | ५०००० | ढ्यांग्री बालुवाडी टोल विकासमा सिलाई बनाई तालिम सञ्चालन | १००००० |
| बाँसबारी मा.वि. व्यवस्थापन | २५०००० | बाँसबारी मा.वि. भवन निर्माण | २५०००० |
| भैपरी | ७००००० | फर्निसिंग | २००००० |
| | | मेशिनरी औजार | २००००० |
| | | कार्यालय भवन सुधार | ३००००० |
| स्कुल कित्ता जाने बाटो र श्याम खड्काको घर जाने बाटो मर्मत | ३००००० | श्याम खड्काको घर जाने बाटो मर्मत | २००००० |
| नगेन्द्र कार्कीको घर उत्तर जाने बाटो ग्राभेल | १००००० | सोलमारीको विभिन्न बाटोहरु मर्मत | २००००० |
| वडाका विभिन्न बाटाहरु मर्मत | ५००००० | साविक २ का विभिन्न बाटा मर्मत | २००००० |
| | | साविक ९ का विभिन्न बाटाहरु मर्मत | १००००० |
| | | अन्य सडक मर्मत | २००००० |
| वासुचोकबाट राम भण्डारीको घर जाने बाटो | १५०००० | पर्शु सुवेदीको घर देखि सन्थाल वस्ती जाने बाटो | १५०००० |
| जम्मा | २३४०००० | जम्मा | २३४०००० |

## वडा नं. २ को वडास्तरीय कार्यक्रम/आयोजना

| साविक कार्यक्रम/आयोजना | रकम | संशोधित कार्यक्रम/आयोजना | रकम |
|---|---|---|---|
| महिला वर्गलाई सेनिटरी प्याड वितरण | २००००० | महिला वर्गको लागि सेनिटरी प्याड उत्पादन कार्यक्रम | १५०००० |
| महिला सिपमुलक तालिम कार्यक्रम | २००००० | महिला वर्गको लागि सिलाई मेशिन खरिद | १००००० |
| | | विपद सामाग्री खरिद | १५०००० |
| कमल गंगा आर्यघाट शौचलय तथा बाथरुम निर्माण योजना | २००००० | कमल गंगा आर्यघाट निर्माण | २००००० |
| देवीचौन चौक उत्तर बलराम कार्कीको घर अगाडी र मान बहादुर कटुवालको घर दक्षिण १ नं. जाने सडक स्तरोन्नती | ५००००० | देवीचौन चौक सडक ग्राभेल | २००००० |
| छाता चौक सुनाहारा सडक स्तरोन्नती | ५००००० | देवीचौन चौक उत्तर सिमलहोली कल्भर्ट | १००००० |
| भैपरी विविध | ५००००० | देवी चौन क्षेत्रका विभिन्न सडकहरु मर्मत | २००००० |
| महेन्द्र रत्न मा.वि. पूर्व घिमिरे कित्ताबाट पुर्व जाने सडक मर्मत | १५०००० | सुनाहारा चौक निर्माण | ३००००० |
| जेष्ठ चौतारी निर्माण क्याम्पा बजार | ३००००० | कमला मदन आश्रिम स्मृति मा.वि. अगाडी ढल निर्माण | २००००० |
| ह्युम पाइप खरिद तथा व्यवस्थापन | २००००० | ह्युम पाइप कल्भर्ट निर्माण | १००००० |
| सुनाहारा चौक गोलचक निर्माण | १००००० | सडक बत्ति व्यवस्थापन साविक तोपगाछी ८ | २००००० |
| | | सडक बत्ती व्यवस्थापन साविक तोपगाछी ३ | २००००० |
| | | कृष्ण प्रसाद खतिवडाको घर उत्तर धाँधर नियन्त्रण (थप) | ५०००० |
| | | ज्योतिनगर ढ्यांग्री खोला बाँस पाइलिंग ( सुक बहादुर लिम्बुको घर पशिचम) | १००००० |
| | | क्याम्पा खानेपानी आर्यघाट सडक ग्राभेल | १५०००० |
| | | पैनी निर्माण देवी झोला | २५०००० |
| | | विभिन्न सडक मर्मत | १५०००० |
| | | समयगढ बजार व्यवस्थापन | ५०००० |
| ग्रामिण विकास फाउण्डेसन व्यवस्थापन | १५०००० | ग्रामिण विकास फाउण्डेसन सामाग्री खरिद | १५०००० |
| **प्रशासनिक खर्च** | | | |
| पानी तथा बिजुली | १०००० | इन्धन (कार्यालय प्रयोजन) थप | १०००० |
| जम्मा | ३०१०००० | जम्मा | ३०१०००० |

## वडा नं. ३ को वडास्तरीय कार्यक्रम/आयोजना

| साविक कार्यक्रम/आयोजना | रकम | संशोधित कार्यक्रम/आयोजना | रकम |
|---|---|---|---|
| बुद्धमार्ग मुख खोल्न बधशाला भत्काई ग्राभेल गर्ने | १००००० | पहलमान गुरुंग मार्ग ड्रेनमा स्ल्याब सहित ग्राभेल थप | १००००० |
| भैपरी आउने र विविध | ३७०००० | खानेपानी स्किम नं. ३ देखि पूर्व कल्भर्ट सम्मको ढल व्यवस्थापन ड्रेन सहित थप | ५७०००० |
| निर्माणाधिन वडा कार्यालय दक्षिण गोसखान मार्ग विचमा ढल निर्माण | २५०००० | देवी झोलाको अधुरो सिंहदेवी मन्दिर निर्माण | ५०००० |
| टेक बहादुर पौडेल र भिम प्रसाद राईको घरविच रहेको पैनीलाई बाटोमा परिणत गर्ने | ५०००० | त्रिवेणी मार्गबाट लालीगुराँस मार्ग जोड्ने बाटो ग्राभेल | ७०००० |
| हिमप्रसाद दाहालको घर उत्तर पूर्व जाने बाटो ग्राभेल | १००००० | हिमप्रसाद दाहालको घर उत्तर पूर्व जाने बाटो ग्राभेल | ८०००० |
| जम्मा | ८७०००० | जम्मा | ८७०००० |

## वडा नं. ४ को वडास्तरीय कार्यक्रम/आयोजना

| साविक कार्यक्रम/आयोजना | रकम | संशोधित कार्यक्रम/आयोजना | रकम |
|---|---|---|---|
| दलित विद्यार्थीलाई कम्प्युटर तालिम | ५०००० | विउ वितरण | ५०००० |
| बिउविजन वितरण | ४००००० | विपन्न व्यक्तिहरुलाई धारा मिटर सहित जडानको लागि लखनपुर खानेपानी कार्यालयलाई अनुदान | १५०००० |
| विपन्न परिवारलाई स्वास्थ्य विमा कार्यक्रम | १०५००० | दलित जातिको पुर्खौली पेशा प्रवर्द्धन | ५०००० |
| हरि लावतीको घर पुर्व ह्युम पाइप कल्भर्टमा पंखा निर्माण | २००००० | सिद्धार्थ अमलडाँगी रिंगरोड ग्राभेल | ३००००० |
| सिद्धार्थ अमुलडागी रिंगरोड स्तरउन्नती | ३००००० | विभिन्न स्थानमा वोभर फ्लो मर्मत | २००००० |
| | | पेट्रोल पम्प उत्तर फलामे पुल निर्माण | १००००० |
| विन्दे भुजेलको घर बाटो ग्राभेल | ५०००० | आदम रोड पैनीमा कल्भर्ट निर्माण | १७०००० |
| विभिन्न सडक मर्मत | ५३५००० | पाइलिंग मेशिन खरिद | ६०००० |
| विविध | ५३१५५ | विभिन्न ठाउमा बास पाइलिंग | २६३१५५ |
| सितापुरी उत्तर बाह्कोठे जाने कल्भर्ट निर्माण | ४५०००० | विभिन्न सडक मर्मत | २००००० |
| | | नेत्र कोइरालाको घर देखि चुहानको घरसम्म बाटो स्तरोन्नती | ६००००० |
| जम्मा | २१४३१५५ | जम्मा | २१४३१५५ |

## वडा नं. ५ को वडास्तरीय कार्यक्रम/आयोजना

| साविक कार्यक्रम/आयोजना | रकम | संशोधित कार्यक्रम/आयोजना | रकम |
|---|---|---|---|
| अपांगता भएका व्यक्तिलाई सिपमुलक तालिम | १००००० | अपांगता भएका व्यक्तिलाई बाखा र बंगुरको पाठा वितरण | १००००० |
| वडाबासी नागरिकलाई निःशुल्क रगत उपलब्ध कार्यक्रम | १००००० | विविध कार्यक्रम | १००००० |
| भैपरी आउने विविध | १५०००० | नमुना घरका ग्रिल जडान | १५०००० |
| डुकमाया निरौलाको घर दक्षिण भिष्म सिटौलाको घर अगाडी जाने बाटो मर्मत गर्ने | ५०००० | बाटो मर्मत | ५०००० |
| अनुगमन तथा मूल्यांकन खर्च | ३०००० | मसलन्द तथा कार्यालय सामामग्री | १५००० |
| | | अनुगमन तथा मूल्यांकन खर्च | १५००० |
| जम्मा | ४३०००० | जम्मा | ४३०००० |

## वडा नं. ६ को वडास्तरीय कार्यक्रम/आयोजना

| साविक कार्यक्रम/आयोजना | रकम | संशोधित कार्यक्रम/आयोजना | रकम |
|---|---|---|---|
| साईलेस उत्पादन तथा भण्डारण ( प्राविधिक र औजार) | ५००००० | विपन्न घरपरिवारलाई खानेपानी मिटर जडान अनुदान (वडा नं. ७ कार्यालयबाट कार्यान्वयन गर्ने) | ८००००० |
| तरकारी तथा कृषि उपज बजारीकरण | ५००००० | | |
| | | विपन्न आवास (५० हजारका दरले) (वडा नं. ७ कार्यालयबाट कार्यान्वयन गर्ने) | ५०००० |
| | | पिङडाडा टोलमा चोक निर्माण (वडा न. ७ कार्यालयबाट कार्यान्वयन गर्ने) | १५०००० |
| एक घर एक करेसाबारी उन्नत बिउ वितरण | ३००००० | पञ्चकन्या स्कुल अगाडी पैनीमा कल्भर्ट निर्माण | ३००००० |
| च्यापकटर अनुदान ५० प्रतिशत | २००००० | पशु बिमा कार्यक्रम (५० प्रतिशत अनुदान) | २५०००० |
| वडा कार्यालय शुद्ध पिउने पानीको लागि फिल्टर जडान | ५०००० | | |
| भैपरी आउने खर्च | २१२५०० | विपन्न परिवारलाई शुद्ध खानेपानी धारा मिटर जडान अनुदान | ११०००० |
| महिला सिपमुलक तथा आयआर्जन कार्यक्रम बिउ पुजि | १५०००० | महिला सिपमुलक तथा आयआर्जन कार्यक्रम | १५०००० |
| छेउघरेंको घर देखि पश्चिम जाने बाटो | १००००० | मन्दिर डाडा उत्तरबाट पश्चिम जाने बाटो उच्च ग्राभेल (वडा नं. ७ मार्फत कार्यान्वयन गर्ने) | १००००० |
| साइलेस निर्माण तालिम | २००००० | विभिन्न सडक मर्मत | ३०२५०० |
| ह्युम पाइप खरिद | ३५०००० | रत्नपुर कल्भर्ट दक्षिण रामुटोल जाने बाटोमा प्रोटेक्सन वाल निर्माण | ३५०००० |
| जम्मा | २५६२५०० | जम्मा | २५६२५०० |

**वडा नं. ७ को वडास्तरीय कार्यक्रम/आयोजना**

| साविक कार्यक्रम/आयोजना | रकम | संशोधित कार्यक्रम/आयोजना | रकम |
|---|---|---|---|
| खानेपानी पाइप विस्तार | १०,००,००० | शंखडुब्बा दक्षिण कल्भर्ट निर्माण ( वडा नं. ६ बाट संचालन गर्ने) | १०००००० |
| बाह्घरे नौसिटे सडक उच्चस्तरिय ग्राभेल | ५००००० | सरस्वती मा.वि. पश्चिम कल्भर्ट मर्मत | ५०००० |
| | | नौसिटे चाँदु कल्भर्ट मर्मत | ४५०००० |
| पिङडाडा स्कुलबाट दक्षिण उच्चस्तरिय | ४००००० | पिङडाडा स्कुल अधुरो कम्पाउण्ड वाल र माटो पुराई | ४००००० |
| फुलबारी चौक दक्षिण पूर्व ग्राभेल | १००००० | मन्दिर डाडा उत्तरबाट पश्चिम जाने बाटो उच्च ग्राभेल | १५०००० |
| मन्दिर डाडा उत्तरबाट पश्चिम जाने बाटो ग्राभेल | ९०००० | रंगपुर शिवलाल भण्डारीको घर पश्चिमबाट उत्तर जाने बाटो ग्राभेल | ७०००० |
| भैपरी आउने खर्च | २००००० | फर्निचर खरिद | ५०००० |
| | | मेशिनरी औजार, (खानेपानी फिल्टर) | ३०००० |
| | | अन्य सडक मर्मत | १०००० |
| | | गेउरिया पश्चिमको कल्भर्ट मर्मत | ८०००० |
| जम्मा | २२९०००० | जम्मा | २२९०००० |

**प्रस्ताव नं. ५ : सटर भाडा सम्बन्धमा ।**

**निर्णय** : यस गाउँपालिकाको ६ नं. वडा कार्यालय अगाडीको सटर भाडालाई निम्नानुसार संशोधन गर्नका लागि १२ औं गाउँसभासा पेश गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

| विवरण | साविकको दररेट | संशोधित दररेट |
|---|---|---|
| ६ नं. वडा कार्यालय अगाडीको सटर भाडा | १५००।०० | |
| ६ नं. वडा कार्यालय अगाडीको सटर भाडा (मुख्य गेटको दाँया बायाको पहिलो सटर) | | २५००।०० |
| ६ नं. वडा कार्यालय अगाडीको सटर भाडा (अन्य) | | २०००।०० |